## अध्याय एक

# शोधको परिचय

### १.१ पृष्ठभूमि

संस्कृतको 'भाष्' धातुबाट भाषा शब्दको निर्माण भएको हो । खासगरी स्वर र व्यञ्जन जस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मानवीय उच्चारण अवयवद्वारा उच्चरित आवाजलाई भाषा भनिन्छ । 'भाष्' धातुको अर्थ 'बोल्नु' वा 'भन्नु' भन्ने हुन्छ । त्यसैले जे बोलिन्छ त्यो भाषा हो । मानव जीवनको सम्पूर्ण क्रियाकलाप चिन्तन, मनन तथा अभिव्यक्तिहरूको सशक्त माध्यम भाषा हो । भाषाद्वारानै मानिसको सम्पूर्ण चिन्तन युगयुगसम्म जीवित रहन सक्छ । मानव सभ्यताले एक पुस्ताको उपलब्धि अर्को पुस्तामा हस्तान्तरण गर्ने माध्यम नै भाषा हो । भाव वा विचारको प्रस्फुटन तथा विनिमयका क्रममा जीवनलाई गतिशील बनाउनका साथै साहित्येत्तर र ज्ञान विज्ञानको उचाइसम्म पुऱ्याउने काम भाषाले गर्दछ । भाषालाई विचारको वाहक भनिन्छ । भाषा सम्पूर्ण नेपालीलाई एकताको सुत्रमा बाँध्ने माध्यम भाषा र सम्पर्क भाषा पनि हो । त्यसकारण नेपाली भाषा स्तरीय त्रुटिरहित हुन आवश्यक छ । नेपाली भाषालाई प्रभावशाली बनाउन, स्तरीयता प्रधान गर्न र अभिव्यक्ति क्षमता वृद्धि गर्नका लागि वाक्यगठन शुद्धतामा जोड दिन आवश्यक छ । यसका लागि त्रुटिविहीन अभिव्यक्ति क्षमता वृद्धि गर्नु सान्दर्भिक हुन्छ ।

न्युनतम् एक उद्देश्य र एक विधेय मिलेर बनेका पूर्णार्थबोधी पदसमूहलाई वाक्य भनिन्छ । वाक्य भाषाको लघुत्तम एकाई हो भने व्याकरणका दृष्टिले सबैभन्दा ठूलो एकाई हो । संरचनावादीहरूले वाक्य विश्लेषणका क्रममा वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई प्रकारमा छुट्याएको पाइन्छ । यसमा उद्देश्य र विधेयमध्ये एउटा मात्र छ भने त्यसलाई अपूर्ण वाक्य भनिन्छ । यस्ता वाक्यको विश्लेषण गरिँदैन । उद्देश्य विधेययुक्त वाक्यलाई पूर्ण वाक्य भनिन्छ । पूर्ण वाक्य मात्र संरचनावादीहरूले विश्लेषणका लागि प्रयोग गर्दछन् ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागले विभिन्न विषयमा अनुसन्धान गराउदै आएको छ । त्यसै अनुरूप विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन पनि महत्त्वपूर्ण क्षेत्रभित्र पर्दछ । वाक्यका आधारभूत तत्त्वहरू लिङ्ग, वचन, पुरुष, आदर, पक्ष, वाच्य, काल, अर्थ आदिका आधारमा वाक्यगठन गर्न सक्ने क्षमता नै वाक्यगठन

भएकाले विद्यार्थीहरूमा वाक्यगठनसम्बन्धी अभ्यास र ज्ञान हुन जरूरी छ । भाषालाई व्यवस्थित सान्दर्भिक र अर्थयुक्त बनाउने काम वाक्यगठनले गर्दछ । नेपाली भाषा शिक्षण प्रभावकारी बनाउन वाक्यको गठन उपयुक्त किसिमले गर्नु पर्दछ । उपयुक्त किसिमले वाक्यगठन गरी शिक्षण कार्य अघि बढाएमा नेपाली भाषा शिक्षण सार्थक हुन्छ । भाषा र भाषा शिक्षणका क्षेत्रमा अध्ययन र अनुसन्धानका कार्यहरू निरन्तर रूपमा सञ्चालन हुन आवश्यक भएकोले यस प्रकारको अनुसन्धानबाट पनि भाषा शिक्षणको मूल्याङकन गर्न सकिन्छ ।

अनुसन्धान कुनै विषयमा नयाँ तथ्य पत्ता लगाउनु, पुराना तथ्यको पुर्नव्याख्या गर्नु र भावी अनुसन्धानका क्षेत्र पत्ता लगाउनु हो । अनुसन्धान गर्न अनुसन्धेय विषय समस्यापूर्ण हुनुपर्दछ । त्यसैले उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउँछ । अनुसन्धान, शोध, गवेषण, खोजबिन एउटै कुरा हुन् । प्रस्तुत शोधकार्य इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन रहेको छ । जसमा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा के कस्तो समस्या रहेको छ भन्ने कुरा अनुसन्धानको मुख्य विषयका रूपमा रहेको छ । मातृभाषाको प्रभाव, वातावरणीय प्रभाव दुई भाषिक आदानप्रदान आदि विविध कारणले नेपाली भाषा शुद्ध बोल्न र लेख्न नसकेको देख्न सकिन्छ । दोस्रो भाषी विद्यार्थीहरूले नेपाली भाषामा धेरै त्रुटि गरेका हुन्छन् । यस परिप्रेक्ष्यमा नेपाली भाषाको शुद्ध एवम् स्तरीय सिप सिकेर भाषिक परिष्कार र शुद्धतामा सहयोग पुऱ्याउन वाक्यगठन शिक्षण आवश्यक देखिन्छ । अरू विभिन्न जिल्लामा वाक्यगठन क्षमताको अध्ययन भए पनि इलाम जिल्लामा भएको पाइदैन । इलाम जिल्लाका विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ कुनकुन ठाउँमा बढी त्रुटि गर्दछन् । विद्यार्थीहरूमा भाषिक क्षमता कस्तो छ भन्ने उद्देश्यका साथ यो कार्य अघि बढाइएको छ । यसै सन्दर्भमा इलाम जिल्लाका ८ वटा विद्यालयलाई आधार बनाएर ८० जना विद्यार्थीहरू छनोट गरी अनुसन्धान कार्य अगाडि बढाइएको छ ।

### १.२ समस्याकथन

कुनै पनि क्षेत्रको अनुसन्धान आफैँमा जटिल र चुनौतिपूर्ण कार्य हो । अध्ययन अनुसन्धानको लागि धैर्यतापूर्वक मेहनत गर्नुपर्ने हुन्छ । मानवीय भावना अभिव्यक्त गर्ने सबैभन्दा उपयुक्त साधन भाषा हो भने त्यो भाषालाई जीवन्तता दिने कार्य शब्दले गर्दछ । शब्दहरूको उपयुक्त उनाइबाट वाक्य बन्ने गर्दछ । अनुसन्धान कार्यलाई प्रभावकारी

बनाउनका लागि निश्चित उद्देश्य र सीमा भित्र रहेर अगाडि बढ्न सकेमा मात्र शोधकार्य सहज र प्रभावकारी हुन्छ । वाक्य मानवीय अभिव्यक्तिको प्रभावकारी माध्यम भाषा भएकोले यसले जीवन्तता दिने काम गर्छ । नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मानिसहरू बसोबास भएको राष्ट्र भएकाले विद्यालयमा विविध भाषी विद्यार्थीहरूको उपस्थिति रहन्छ । नेपाली भाषी वक्ताभन्दा अन्य भाषीहरूको वाक्यगठनमा अन्तर हुन्छ । विद्यार्थीहरूमा व्याकरणीक धारणाको विकास गराउन र ग्रहण गरेको ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्ति गर्न वाक्यगठन सिपको आवश्यकता पर्दछ । सिकाइलाई उत्कृष्ट र समृद्ध बनाउन पनि वाक्यगठनको उत्तिकै महत्त्व हुन्छ । 'इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' नामक शोधकार्य निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ ?
(ख) लैङ्गिक आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा के भिन्नता पाइन्छ ?
(ग) विद्यालयको प्रकृतिका आधारमा कक्षा पाँचका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा के भिन्नता पाइन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्य गर्दा त्यसको उद्देश्यहरूको स्पष्ट उल्लेख गरिएको हुनुपर्दछ । कुनै पनि अध्ययन निश्चित उद्देश्यका आधारमा अगाडि बढाउने गरिन्छ । समस्याकथनमा आएका समस्याहरूको समाधानमा नै उद्देश्य केन्द्रित रहेको हुन्छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु,
(ख) लैङ्गिक आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु,
(ग) विद्यालयको प्रकृतिका आधारमा कक्षा पाँचका विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा विचार विनिमयका साथै बोध र अभिव्यक्तिको माध्यम हो । नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक विविधताले भरिपूर्ण मुलुक हो । नेपालमा नेपाली भाषा संविधानतः सरकारी कामकाजको भाषा व्यवहारमा सम्पन्नताको माध्यम भाषा, सिद्धान्ततः निश्चित व्यवस्थाले सम्पन्न भाषाको रूपमा रहेको छ । अनुसन्धान कार्यबाट कसलाई लाभ वा सहयोग पुग्दछ भन्ने कुराको व्याकरणिक कोणबाट माथि उल्लिखित समस्याहरूको समाधान गर्नुमा यस शोधकार्यको औचित्य स्पष्ट हुन्छ । शोधकार्य शैक्षिक उपाधि प्राप्त गर्नका निम्ति तयार पारिएको हुनाले यसको प्रत्यक्ष लाभ विद्यार्थी र शिक्षकलाई हुन्छ भने अप्रत्यक्ष रूपमा अन्य पक्षले पनि ज्ञान प्राप्त गर्न सक्छन् । समाज समयसँगै परिवर्तन हुन्छ । भाषाको प्रयोग समाजमा हुने भएकोले जसको प्रत्यक्ष असर भाषामा समेत पर्दछ । भाषामा रहेका कतिपय शब्दहरू लोप हुन्छन् भने कतिपय नयाँ शब्दहरू समेत प्रयोगमा आउन थाल्छन् । शब्द भाषाको केन्द्रिय तत्त्व हो । शब्दबाट नै वाक्य निर्माण हुने गर्दछ । उपयुक्त ठाउँमा उपयुक्त शब्दको प्रयोग गर्न सक्ने क्षमता विद्यार्थीहरूमा भए मात्र भाषा शिक्षणको औचित्य पूरा भएको मान्न सकिन्छ । नेपाली भाषालाई स्तरीयता प्रदान गर्न, अभिव्यक्ति क्षमता वृद्धि गर्न, उपयुक्त वाक्यगठन प्रकियामा जोड दिन आवश्यक छ । यस अध्ययनमा कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त वाक्यगठनको लिङ्ग, वचन, पुरुष, आदर, काल, वाच्य र पक्षसम्बन्धी व्याकरणिक कोटिका आधारमा वाक्यगठन गर्ने क्षमता पहिल्याउने हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत शोधकार्यमा इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गरिएको हुनाले त्यस ठाउँका विद्यार्थीहरूको भाषिक क्षमता, वाक्यगठन क्षमता पहिचान गरी सुधारात्मक उपायहरू प्रदान गर्न उपयोगी रहेको छ । अनुसन्धानमा विद्यार्थीहरूको दृष्टिकोण समेतलाई अध्ययन गर्दै नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्नेहरूलाई भाषा प्रभावकारी बनाउन सहयोग पुगेको छ । इलाम जिल्लाका विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ, के कस्ता त्रुटि गर्दछन् भन्ने बारेमा खोजी गर्नका लागि यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोध शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने सो को किटानी गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । शोधकार्यको क्षेत्र र सीमा स्पष्ट बनाई शोधकार्य व्यवस्थित किसिमले अगाडि बढाइएको छ । उद्देश्य किटान गरिसके पछि उक्त उद्देश्य प्राप्त गर्न कुन कुन कुरामा अध्ययन बढाउने भन्ने कुरा सीमाङ्कनमा तोकिएको छ । शोधकार्यका क्रममा सम्पूर्ण विषयलाई समेट्न कठिन हुँदा अध्ययनको व्यापकता र गहिराईमा सीमित गर्नुपर्ने हुन्छ । त्यसैले वाक्यगठन क्षमताको अध्ययन गर्दा निम्नअनुसार कुराहरूको सीमाङ्कन गरिएको छ ।

क) प्रस्तुत अध्ययन इलाम जिल्लाका पश्चिमी क्षेत्रमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरूमा सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक र विद्यालयको प्रकृतिका आधारमा तथ्याङ्क सङ्कलन गरी वाक्यगठन क्षमताको अवस्था पत्ता लगाउन सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन इलाम जिल्लाको पश्चिमी क्षेत्रमा रहेका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत ८० जना विद्यार्थीहरूमा सीमित रहेका छ ।

घ) प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत ४० जना छात्रा र ४० जना छात्रमा सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारको संरचनामा व्यवस्थित गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्य पुनरावलोकन

अध्याय तिन : सैद्धान्तिक अवधारणा

अध्याय चार : शोधविधि र प्रक्रिया

अध्याय पाँच : समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

अध्याय सात : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति  बाँकी छन् भन्ने कुराको जानकारी प्रदान  गर्दछ । सम्बन्धित विषयमा भएका कामहरूको बारेमा अध्ययन गरी शोधकार्यले त्यसपूर्व के कति कार्यहरू भएका छन् कति हुन बाँकी छ भन्ने कुराको जानकारी प्राप्त गर्न पूर्वकार्यको समीक्षा गर्नु पर्दछ ।  पूर्वकार्यको समीक्षाबाट सम्बन्धित विषयमा कस्ता उद्देश्य छन्, कुन विधि प्रयोग गरी के कस्तो निष्कर्ष आएको छ भन्ने जानकारी प्राप्त हुन्छ । सम्बन्धित विषयको गहिरो ज्ञान आर्जन गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । अतः वाक्यगठन सम्बन्धी हालसम्म भएका अध्ययन अनुसन्धानको सङ्क्षिप्त विवरण यस प्रकार रहेको छ :

### २.१.१ पुस्तक समीक्षा

उपाध्याय (२०६१) द्वारा *अनिवार्य नेपाली* नामक पुस्तकमा वाक्यको परिचय, आवश्यकता, वाक्यका घटक तत्त्वहरू, वाक्यको वर्गीकरण (अर्थ, बनोट) र वाक्यान्तरण ( लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, करण, आदर) का आधारमा व्याख्या गरिएको छ । वाक्य मूल र व्युत्पन्न हुन्छन् । उद्देश्य वा विधेयलाई मात्रका वाक्य पनि हुन्छन् । वाक्यलाई पूर्ण, अपूर्ण, समापक र असमापक हुने भनिएको छ । यो पुस्तक प्रस्तावित शोधर्काका लागि अत्यन्तै उपयोगी हुनेछ ।

अधिकारी (२०६७) द्वारा *नेपाली भाषा शिक्षण*  पुस्तकमा भाषा शिक्षणको विभिन्न पक्षको चर्चा गर्ने क्रममा वाक्यगठनको परिचय र आवश्यकताको चर्चा गरिएको पाइन्छ । वाक्यगठनको सन्दर्भमा आवश्यक पर्ने कुराहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र करणको अभ्यासको बारेमा उल्लेख गरिएको छ । शिक्षणीय कुरालाई प्रस्तावित शोध अध्ययनमा राखेर हेर्दा उपयोगी हुनेछ ।

ओझा, र अन्य (२०७०) द्वारा *शिक्षक सेवा आयोगकोआधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा* नामक नि.मा.वि. तहको पाठ्यपुस्तक तयार पारिएको छ । उक्त पाठ्यपुस्तकको भाषिक सिप खण्ड अन्तर्गत वाक्यरचना, शीर्षक राखी वाक्यगत शिक्षणको

परिचय र विधि स्पष्ट पारिएको छ । उक्त पाठ्यपुस्तकमा वाक्यगठन आधारभूत तहको शिक्षण हो । वाक्यगठनमा प्रायः जसो त्रुटि सचेत र त्रुटि असचेत दुवै किसिमले पाइन्छ भन्दै वाक्यका आधारभूत तत्वहरू लिङ्ग, वचन, पुरुष, आदर, काल वाक्यलाई अलग अलग रूपमा शिक्षण गर्नुपर्छ भनी सामान्य विधिको समेत चर्चा गरिएको छ ।

न्यौपाने र घिमिरे,(२०७०) द्वारा भाषा विज्ञानका प्रमुख सिद्धान्त नामक पुस्तकमा संरचनावाद अन्तर्गत वाक्य र यसका प्रकार शीर्षकमा अपूर्ण र पूर्ण वाक्य संरचना भन्दै संरचनावादीहरूद्वारा पूर्ण वाक्यको मात्र अध्ययन अध्ययन गर्ने कुरा प्रस्ट्याइएको छ । त्यस्तै उक्त पुस्तकमै रूपान्तरण व्याकरण शीर्षकभित्र अब्राहम नोम चम्स्कीद्वारा वाक्य संरचनालाई आन्तरिक र बाह्य भन्दै चर्चा गरिएको कुरालाई प्रस्ट्याइएको छ ।

अधिकारी (२०७१) द्वारा *समसामयिक नेपाली व्याकरण* नामक पुस्तक प्रकाशित भएको छ । उक्त पुस्तकमा वाक्यका प्रकार शीर्षकमा वाक्यलाई अर्थ र संरचनाका आधारमा वर्गीकरण गरिएको छ । यी दुवैआधारमा भाषामा प्रयुक्त वाक्यको निर्माण, अध्ययन, विश्लेषण र प्रयोग गर्न सकिने कुरा यसको व्याकरणिक पक्षबाट पुष्टि हुन्छ । उक्त पुस्तकमा वर्ण व्यवस्था, वाक्य रचना, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, कारक, विभक्ति जस्ता शीर्षकहरू राखी प्रत्येक शीर्षकका परिचय, प्रकार र प्रक्रियालाई उदाहरण सहित पुष्टि गरिएको छ ।

शर्मा (२०७१) द्वारा लिखित *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* पुस्तकमा विभिन्न शीर्षक र उपशीर्षकअन्तर्गत वाक्यको परिचय, वाक्यका प्रकार, व्याकरणात्मक एकाइहरू, वाक्यका तत्त्वहरूको चिनारीलाई प्रस्तुत गरिएको छ । साथै पदावलीको परिचय र प्रकार समेत उल्लेख गरिएको छ । जसलाई प्रस्तुत शोध अध्ययनको सैद्यान्तिक अवधारणा निर्माणका लागि उपयोगी गरिएको छ ।

### २.१.२ शोध समीक्षा

मिश्र (२०५६) द्वारा *कक्षा पाँचमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको मुख्य उद्देश्य वाक्यगठनमा गर्ने त्रुटि पत्ता लगाउनु, भाषिक क्षमताका आधारमा त्रुटि पत्ता लगाउनु रहेको छ । पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नमुना सर्वेक्षण विधिको प्रयोग गरी उक्त अध्ययनमा वाक्यगठनअन्तर्गत वचनगत त्रुटिहरू,

लिङ्गगत त्रुटिहरू अध्ययन गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरू कर्ता, क्रिया र वचनको पक्षमा बढी कमजोर भएको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६१) द्वारा *तनहुँ जिल्लाका कक्षा आठमा अध्ययनरत मगर मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा वाक्यगठनमा त्रुटिको पहिचान गर्ने, त्रुटिको कारण पत्ता लगाउने, तुलनात्मक विश्लेषण गर्ने र त्रुटि निराकरणका लागि सुझाव दिने उद्देश्य राखिएको छ । तनहुँ जिल्लाका कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीलाई परीक्षणको रूपमा लिइएको छ । उक्त शोधकार्यका निम्ति मूलरूपमा क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय अध्ययन प्रक्रिया नमुना छनोट विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यको प्राप्तिका रूपमा लिङ्ग, वचन, पुरुष, पक्ष आदिमा त्रुटि रहेको र मातृभाषागत प्रभाव, अध्ययन तथा अभ्यासको कमी नै त्रुटिको कारण रहेको निष्कर्ष निकालिएको छ ।

खनाल (२०७०) द्वारा *स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरूङभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* नामक शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र तयार पार्नुको उद्देश्य वाक्यगठन क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । चितवन जिल्लाका १०० जना गुरूङभाषी विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रको अध्ययनका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नुमना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । त्यसैगरी उक्त शोधपत्रमा गुरूङ मातृभाषी विद्यार्थीहरू नेपाली मातृभाषीको तुलनामा कमजोर भएको, स्वतन्त्रलेखन सम्बन्धी क्षमतामा अत्यन्त कमजोर भएको निष्कर्ष निकालिएको छ ।

मैनाली (२०७०) द्वारा *कक्षा सातमा अध्ययनरत माझीभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको मुख्य उद्देश्य कक्षा सातमा अध्ययनरत माझी भाषी विद्यार्थीहरूको नेपाली वाक्यगठनमा त्रुटिहरूको पहिचान गर्नु,  वाक्यगठन गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु, त्रुटि देखिनुका कारण पत्ता लगाउनु,र आवश्यकीय निराकरणका आयमहरू पहिल्याउनु रहेको छ । प्रस्तुत अध्ययन क्षेत्रिय अध्ययन विधिद्वारा सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा वस्तुगत विषयगत र स्वतन्त्र लेखनजस्ता तिन किसिमका आठवटा प्रश्नहरू समावेश भएको

प्रश्नावली निर्माण गरी उत्तर लेख्न लगाइ वाक्यगठनका लिङ्ग, वचन, पुरुष, आदर आदि शीर्षकमा त्रुटिहरूको विश्लेषण गरिएको छ । उक्त शोधमा वाक्यगठनसम्बन्धी वचन र पुरुषमा त्रुटि रहेको पाइएको छ भने लिङ्ग र आदरमा खासै त्रुटि नगरेको निष्कर्ष निकालिएको छ ।

धिताल (२०७१) द्वारा *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन* नामक स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र तयार पार्नुको उद्देश्य वाक्यगठन क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । बर्दिया जिल्लाका १०० जना थारूभाषी विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रको अध्ययनका लागि पुस्तकालयीय अध्ययन प्रकिया, क्षेत्रीय अध्ययन विधि र नुमना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरू स्वतन्त्रलेखन सम्बन्धी क्षमतामा अत्यन्त कमजोर भएको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०७१) द्वारा *कक्षा पाँचमा अध्ययनरत बज्जिका भाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको मुख्य उद्देश्य कक्षा पाँचमा अध्ययनरत बज्जिका भाषी विद्यार्थीहरूको नेपाली वाक्यगठन क्षमता पहिचान र वाक्यगठन गर्ने त्रुटिहरूको क्षेत्र पहिचान गरी निराकरणका आयमहरू पहिल्याउनु रहेको छ । उक्त शोधपत्रमा वस्तुगत विषयगत र स्वतन्त्र लेखनजस्ता तिन किसिमका आठवटा प्रश्नहरू समावेश भएको प्रश्नावली निर्माण गरी उत्तर लेख्न लगाइ वाक्यगठनका लिङ्ग, वचन, पुरुष, आदर आदि शीर्षकमा त्रुटिहरूको विश्लेषण गरिएको छ । उक्त शोधमा वाक्यगठनसम्बन्धी वचन र पुरुषमा त्रुटि रहेको पाइएको छ भने लिङ्ग र आदरमा खासै त्रुटि नगरेको निष्कर्ष निकालिएको छ ।

अर्याल (२०७२) द्वारा *चितवन जिल्लाका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन* नामक स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र तयार पार्नुको उद्देश्य वाक्यगठन क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । चितवन जिल्लाका ८० जना थारूभाषी विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रको अध्ययनका लागि

पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नुमना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरू स्वतन्त्रलेखन सम्बन्धी क्षमतामा अत्यन्त कमजोर भएको निष्कर्ष निकालिएको छ ।

देवकोटा (२०७२) द्वारा *नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन* नामक स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र तयार पार्नुको उद्देश्य वाक्यगठन क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन गर्नु, वाक्यगठन क्षमता वृद्धिका लागि अपनाउन सकिने उपायहरू सुझाउनु रहेको छ । नवलपरासी जिल्लाका ८० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रको अध्ययनका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नुमना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरू स्वतन्त्रलेखन सम्बन्धी क्षमतामा अत्यन्त कमजोर भएको निष्कर्ष निकालिएको छ ।

पाण्डे (२०७२) द्वारा *मगर मातृभाषी र नेपाली मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन* नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा वाक्यगठनमा क्षमताको पहिचान गर्ने, लैङ्गिकता विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमि तुलनात्मक अध्ययन गर्नु, र त्रुटि निराकरणका लागि सुझाव दिने उद्देश्य राखिएको छ । मगरभाषी र नेपाली मातृभाषी विद्यार्थीलाई परीक्षणको रूपमा लिइएको छ । उक्त शोधकार्यका निम्ति मूलरूपमा क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय अध्ययन, नमुना छनोट विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यको लिङ्ग, वचन, पुरुष, पक्ष आदिमा त्रुटि रहेको र मातृभाषागत प्रभाव, अध्ययन तथा अभ्यासको कमी नै त्रुटिको कारण रहेको निष्कर्ष निकालिएको छ ।

सुवेदी (२०७२) द्वारा *दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* नामक स्नातकोत्तर शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा वाक्यगठन क्षमताको अध्ययन गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र प्रकृतिका आधारमा तुलनात्मक अध्ययन गर्नु उद्देश्य राखिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसरी अध्ययन गरिएको शोधकार्यमा वाक्यगठन क्षमतामा

विद्यार्थी अत्यन्त कमजोर देखिएको छ भने वचन, पुरुष, काल र पक्षमा वाक्य प्रयोग क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ ।

बुढाथोकी (२०७३) द्वारा *सल्यान जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* नामक शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य वाक्यगठन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा तुलनात्मक अध्ययन गर्नु र विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्यमा पुस्तकालय अध्ययन प्रक्रिया क्षेत्रीय अध्ययन विधि र नमुना सर्वेक्षण विधिलाई अपनाइएको छ । यसरी वाक्यगठनका विभिन्न पक्षहरूसँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरूको आधारमा विश्लेषण गर्दा वाच्य र कारकमा विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो भएता पनि लिङ्ग, आदर, काल र पक्षमा भने वाक्यगठन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ ।

माथि उल्लिखित विविध भाषा भाषिकामा भएका वाक्यगठन सम्बन्धी त्रुटिहरूको अध्ययन प्रशस्त मात्रामा भएको पाइएको छ तर पनि इलाम जिल्लाका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन सम्बन्धी हाल सम्म उल्लेखनीय अध्ययन अनुसन्धान नभएकोले 'इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन' शीर्षकलाई सान्दर्भिक ठानिएको छ ।

## २.२ समीक्षात्मक अध्ययनको प्रयोग

शोधका क्षेत्रमा पूवकार्य भन्नाले अनुसन्धानकर्ताले चयन गरेको अनुसन्धेय क्षेत्रमा त्यस भन्दा पहिले भएका कार्यहरूलाई जनाउँछ । अध्ययन अनुसन्धानलाई थप सहयोग पुग्ने खालका आवश्यक सामग्रीको रूपमा लिन सकिन्छ । अनुसन्धाताले अनुसन्धेय विषय क्षेत्रमा त्यसपूर्व भएका अनुसन्धान लेख सैद्धान्तिक ग्रन्थ लगायतका सामग्रीहरू अध्ययन गरेर आवश्यक टिप्पणी सहित समीक्षा गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनले शोधार्थीलाई सही र गलत पहिचान गरी अगाडि बढ्न  सहयोग गरेको छ । अनुसन्धानमा पूर्वकार्यको अध्ययनले जगको रूपमा कार्य गरेको हुन्छ । पुराना तथ्यहरूको खोजबिन गरेर पुर्नव्याख्या गर्न पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## २.१ सैद्धान्तिक अवधारणा

भाषा मानवीय विचार आधान प्रदानको माध्यम हो । भाषाका प्रयोग र विकास दुबै समाजबाट हुन्छ । कुनै पनि व्यक्ति वा समाजको विचार विनिमयको काम भाषाको भएकोले भाषा प्रयोग योग्य र स्तरीय हुनु आवश्यक छ । भाषाका लिखित र मौखिक गरी दुई माध्यम हुन्छन् । भाषामा वाक्यगठन मिलेमा मात्रै भाषा प्रयोग योग्य र स्तरिय हुन्छ । नेपालमा विभिन्न भाषाको प्रयोग भए पनि नेपाली भाषाले सम्पूर्ण नेपालीहरूलाई एकताबद्ध बनाउने भाषा भएकोले भाषा शुद्ध बनाउन आवश्यक मानिन्छ । उद्देश्य र विधेययुक्त वाक्यलाई पूर्णवाक्य भनिन्छ । लिङ्ग, वचन, पुरुष, आदर, भाव, पक्ष, वाच्य, काल आदिका आधारमा पूर्णवाक्य बन्दछ । पूर्णवाक्य भएमा मात्र भाषा शुद्ध र स्तरिय बन्दछ । त्यसैले भाषा प्रयोग गर्ने व्यक्तिहरूले वाक्यगठन मिलाएर प्रयोग गरेमा स्तरिय हुन्छ ।

प्रस्तुत शोधपत्र विद्याथीहरूको वाक्यगठन क्षमताको अध्ययनसँग सम्बन्धित रहेकाले सैद्धान्तिक अवधारणाअन्तर्गत वाक्यको परिचय र प्रकार, वाक्यगठनको परिचय र पक्षहरू वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता लगायतका शीर्षकमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## २.२ वाक्यको परिचय र प्रकार

उपवाक्य भन्दा माथिल्लो र सङ्कथन भन्दा तल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ ( न्यौपाने, भण्डारी र अन्य २०६७ :१४५) । वाक्य भाषाको सबैभन्दा माथिल्लो एकाइ हो । यसमा एउटा अभिव्यक्तिको पूर्णता रहेको हुन्छ । कथनको पूर्णता हुने भएकोले यसलाई भाषाको सबैभन्दा ठूलो एकाइ मानिएको हो । संरचनावादले वर्ण, रूप, शब्द, पदावली, उपवाक्य आदिको संयोजनबाट वाक्य बन्दछ भनेको पाइन्छ । यसका संरचक एकाइमा पदावली वा उपवाक्य आएका हुन्छन् । उपवाक्य भन्दा माथिल्लो भाषिक संरचनालाई वाक्य भनिन्छ । जस्तै :

वाक्य : ऊ परिश्रमी छ , परिश्रम अनुसारको फल पाउँछ ।

उपवाक्य : ऊ परिश्रमी छ । परिश्रम अनुसारको फल पाउँछ ।

पदावली : परिश्रमी छ , फल पाउँछ ।

शब्द : ऊ, परिश्रमी, छ , परिश्रमको, फल, पाउँछ

संरचनावादीहरूले वाक्यलाई विभिन्न कोशीय एकाइहरूको मेल मान्दछन् ( न्यौपाने र घिमिरे, २०७० : ७० ) । यिनीहरूले वाक्य विश्लेषणका क्रममा वाक्यलाई पूर्ण र अपूर्ण गरी दुई भागमा विभाजन गरेको पाइन्छ ।

यसरी वाक्यको निर्माण एक वा एक भन्दा बढी उपवाक्यहरूबाट हुन्छ । पूर्वीय समालोचनामा शब्द वा पदहरूको समूहलाई वा एउटा पूर्ण विचार बुझाउने पद समूहलाई अथवा उद्देश्य र विधेययुक्त भएको भाषिक संरचनालाई वाक्य भनिएको पाइन्छ । वाक्य सम्बन्धी यी परिभाषाहरू स्वयम्मा पूर्ण देखिँदैनन् ।

प्रत्येक वाक्यमा एउटा समापिका क्रिया अनिवार्य हुन्छ । क्रियाबिना वाक्य बन्दैन वाक्य बन्न कम्तीमा एउटा उद्देश्य र विधेय हुन जरूरी छ । उद्देश्य र विधेय मिलेर बनेको भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्य अर्थपूर्ण शब्दहरूको व्यवस्थित विन्यास हो (भुसाल, २०७१ : १८३ ) । भाषाशास्त्री थ्याक्सन र पतञ्जलीले पूर्ण अर्थको प्रतीति गराउने शब्द समूहलाई वाक्य मानेका छन् । आकार र आकृतिका दृष्टिले वाक्य अयोगात्मक र योगात्मक स्वरूपका हुन्छन् । नेपाली, अङ्ग्रेजी आदि भाषाका वाक्यहरू अयोगात्मक स्वरूपका हुन्छन् भने मेक्सिकन लगायतका भाषाका वाक्यहरू योगात्मक प्रकृतिका हुन्छन् । वाक्यमा एउटा समापक क्रिया अनिवार्य रूपमा रहन्छ, जसलाई विधेय भनिन्छ । क्रियापदको काम गर्ने कर्ता नै सामान्यतया उद्देश्यका रूपमा आउँछ । जस्तै :

राम रोयो ।

तिमी हिँड्नेछौ ।

माथिका वाक्यमा 'रोयो' र 'हिँड्नेछौ' समापक क्रियापद भएकाले ती उद्देश्य हुन् । वाक्य स्वतन्त्र भाषिक एकाई हो । वाक्य भित्र एक मात्र वा एकभन्दा बढी उपवाक्यहरू रहन सक्छन् । वाक्यलाई संरचना र अर्थ गरी दुई आधारमा वर्गीकरण गरिएको छ :

**क) संरचनाका आधारमा वाक्य**

सरल, संयुक्त र मिश्र गरी तिन प्रकारका हुन्छन् । (अधिकारी, २०७१: २३०)

**अ) सरल वाक्य**

एउटा उद्देश्य र एउटा विधेय भएको भाषिक एकाइलाई सरल वाक्य भनिन्छ । भाषावैज्ञानिक दृष्टिले एकमात्र समापिका किया रहेको र त्यससँग किया सहित वा किया रहित विधेय नभएको वाक्य सरल वाक्य हुन्छ । आधुनिक भाषाविज्ञानमा सरल वाक्यलाई आधारभूत वाक्य पनि भनिन्छ । सरल वाक्यमा एउटा मात्र कर्ता र एउटै कियापद हुन्छ तर एकभन्दा बढी कियापद पनि रहन सक्दछन् । जस्तै :

विनिता किताब पढ्छे ।

उनिहरू घर फर्कदा निकै डराए ।

परम्परागत व्याकरणमा भने एउटा मात्रै समापिका किया भएको वाक्यलाई सरल वाक्य भन्ने गरिएको पाइन्छ तर सरल वाक्यमा जति पनि असमापिका किया रहन सक्छन् । जस्तै :

सरलाकी बहिनीले एम.ए प्रथम श्रेणीमा पास गरिन् ।

**आ) संयुक्त वाक्य**

एकभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई संयोजकहरूले संयोजन गरी निर्माण गरिएका वाक्यलाई संयुक्त वाक्य भनिन्छ । जस्तै :

गोपाल बजार गयो र तरकारी किनेर ल्यायो ।

ऊ सफल हुन्छ किनभने मेहनत गर्छ ।

**इ) मिश्र वाक्य**

एउटा स्वतन्त्र वा मुख्य उपवाक्य र एक वा एक भन्दा बढी अधिन उपवाक्य मिलेर बनेको भाषिक एकाइलाई मिश्रवाक्य भनिन्छ । जस्तै :

जसको सिङ छैन, उसको नाम तिखे ।

पृथ्वी गोलो छ भन्ने कुरा निर्विवाद छ ।

स्वतन्त्र उपवाक्य : उसको नाम तिखे, कुरा निर्विवाद छ ।

अधिन उपवाक्य : जसको सिङ छैन, पृथ्वी गोलो छ ।

मिश्र वाक्यमा आश्रित उपवाक्य वाक्यको आदि, मध्य र अन्त्य कुनै परिवेशमा आउन सक्छ । जस्तै :

जो मेहनती छ , ऊ सफल हुन्छ । ( आदिमा )

गुरूले हाइड्रोजन बल्छ भन्नुभयो । ( मध्यमा )

त्यो मानिस पापी हो अर्काको हत्या गर्छ । ( अन्त्यमा )

**ख) अर्थका आधारमा**

अर्थका आधारमा वाक्य सामान्यार्थक, प्रश्नार्थक, आज्ञार्थ, विस्मय गरी चार प्रकारका हुन्छन् ।

**अ) सामान्यार्थक वाक्य**

कुनै विषयका बारेमा सूचना प्रदान गर्ने वाक्यलाई सामान्यार्थक वाक्य भनिन्छ । वाक्यको सामान्य कथन वा अवधारणा मात्र बुझाउने वाक्यलाई सामान्यार्थक वाक्य भनिन्छ (अधिकारी, २०७१: २२९) । यस्ता वाक्यमा कहिलेकाहीँ बालबोधक  क्रिया विशेषण पनि सुरूमा देखापर्न सक्छ । जस्तै :

भाई भोलि आउँछ ।

प्रकाश प्रथम भयो ।

उनी महान् छन् ।

बहिनीले भाइलाई मिठाइ दिईन् ।

**आ) प्रश्नार्थक वाक्य**

कसैलाई केही सोधिएको भाव जनाउने वाक्यलाई प्रश्नार्थक वाक्य भनिन्छ (अधिकारी, २०७१: २२९) । प्रश्नार्थक सर्वनाममा मात्रै फरक हुन्छ । यस्ता वाक्यमा प्रश्नार्थक पद ( को, के, कहाँ, कति, कस्तो, कसरी आदि ) रहन्छन् । जस्तै :

ममी भोलि आउने हो ?

खाना कति छ ?

रमेश लड्यो ?

**इ) आज्ञार्थ वाक्य**

आज्ञा जनाउने भाषालाई आज्ञार्थ वाक्य भनिन्छ । यसमा कर्ता रहन पनि सक्छ नरहन पनि सक्छ । तर क्रिया अनिवार्य रहन्छ । यस्तो वाक्यमा सम्बोधन पनि रहन्छ । जस्तै :

तँ विद्यालय जा ।

बाबा ! अब नरो ,

एउटा कलम यता देऊ ।

**ई) विस्मय वाक्य**

आश्चर्य, खुसी, रिस, घृणा, दया, माया, पीडाआदि मनका आवेग वा भाव जनाउने वाक्यलाई विस्मय वाक्य भनिन्छ । यस्ता वाक्यको थालनी सामान्यत : विस्मयबोधक शब्दबाट गरिन्छ । यस्तो वाक्यमा क्रिया रहन पनि सक्छ नरहन पनि सक्छ । जस्तै :

आहा ! कति राम्रो चरी ।

स्याबास ! सधै प्रथम हुनु ।

## २.४ वाक्यगठनको परिचय

भाषाको आर्जन व्यक्तिले समाज बाट गर्दछ । भाषा व्यक्तिको अपरिहार्य वस्तु हो । कुनै पनि भाषामा मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ ।

वाक्य भाषाको तल्लो एकाइबाट बनेको सबैभन्दा ठूलो एकाइ हो । यसमा अभिव्यक्तिको पूर्णता रहने भएकाले यसलाई सोपानक्रमिक आधारमा सबभन्दा माथिल्लो एकाइ मानिएको हो । संरचनावाद अनुसार वर्ण, रूप, शब्द, पदावली, उपवाक्य आदिको संयोजनबाट वाक्य बन्दछ । ब्लुमफिल्डले बृहत्तर भाषात्मक रूपमा समाविष्ट नहुने स्वतन्त्र रूपलाई वाक्य भनेका छन् ।

भाषा मानव जातिले आजसम्म गरेको सबैभन्दा महत्त्वपूर्ण आविष्कार हो । भाषाकै माध्यमबाट मानिसहरू विचारको आदान प्रदान गर्दछन् । मान्छेले ज्ञान विज्ञानका क्षेत्रमा जे जति उपलब्धि हासिल गरेको छ । त्यो सबै भाषाको देन हो । विज्ञान र प्रविधिको विकाससँगै भाषाको पनि परिवर्तन हुन्छ । परिवर्तित समाजमा उपयुक्त भाषाका माध्यमबाट बालबालिकालाई शिक्षा दिइन्छ । यसका लागि भाषाको आधुनिकीकरण हुन आवश्यक छ । आधुनिक समाजमा विविधता र जटिलतालाई सम्बोधन गर्दै भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण हो । भाषाको आधुनिकीकरण भाषाको बौधिकीकरण पनि हो (अधिकारी, २०६२ : ७२ ) ।

वाक्यगठनका आधारभूत तत्त्व लिङ्ग, वचन, पुरुष, काल आदिलाई अलग अलग रूपमा उपयुक्त प्रयोग योग्य बनाउनु नै वाक्यगठन हो । भाषाको अभिव्यक्ति स्पष्ट पार्न र भाषाको अर्थ प्रदान गर्न वाक्यगठनका विभिन्न पक्षहरूले प्रमुख भूमिका खेलेको हुन्छ । कुनै पनि वाक्यमा लिङ्ग, वचन, पुरुष, काल, कारक पक्ष आदि छुट्टिएनन् भने शब्द रहन सक्दैनन् । यिनले शब्दलाई रूप साधन प्रत्यय तिर निश्चित बाटोमा लान्छन्, जसबाट वाक्यमा व्यवस्थितता आउँछ । त्यसैगरी वाक्यगठनका आधारभूत कुराप्रति सचेत गराउन र विद्यार्थीहरूले वातावरणबाट सिकेका भाषाहरूमा पाइने त्रुटिहरूको निराकरण गर्न भाषाको प्रभावकारिता एवम् सन्दर्भ खलबलिन नदिन र सम्बन्धित भाषाका सामान्य विशेषताहरू जस्तै : लिङ्ग, वचन, पुरुष, काल आदि पहिल्याउन वाक्यगठनको आवश्यकता स्पष्ट हुन्छ । विचार सम्प्रेषण, भाव ग्रहण र बोधका लागि भाषामा निहित वाक्यगठन महत्त्वपूर्ण माध्यम बन्न सक्छ ।

बन्धु,(२०५३ : ८३) का अनुसार, व्याकरणात्मक कार्य अन्तर्गत प्रत्ययहरूद्वारा कोटिको बोध हुन्छ । यसरी व्याकरणात्मक कोटिसँग सम्बन्धित विशेष अर्थका लागि भाषा विशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन् ।

### २.४.१ वाक्यगठनका पक्षहरू

त्रिपाठी, (२०६३ : २८२) का अनुसार, वाक्यगठन अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद , क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात आदि पदवर्गका साथै लिङ्ग, वचन, कारक पुरुष, काल, पक्ष, वाच्य आदि सबै पर्दछन् । पदवर्गकै आधारमा लिङ्ग, वचन, कारक पुरुष, काल, पक्ष, वाच्य आदि सबै वर्गलाई एकठाउँमा राख्नु पर्दछ । उक्त भनाइमा जेसुकै भए तापनि पदवर्गले वाक्यगठनको आश्रय नलिई व्याकरणात्मक कार्य सम्पन्न गर्न सक्दैनन् । यी दुवैको प्रकृति बेग्लै हुने भएकोले एकै वर्गमा राख्न युक्तिसङ्गत देखिदैन । त्यस्तै गरी ढकाल (२०५५ : १३१ ) का अनुसार रूपायन कोटीअन्तर्गत लिङ्ग, वचन, कारक पुरुष, काल, पक्ष, वाच्य, करण, अकरण आदि सबै पर्दछन् ।

नेपाली वाक्यगठनका पक्षहरूलाई निम्नानुसार व्याख्या गरिएको छ ।

## क) लिङ्ग

स्त्री वा पुरुष जाति जनाउने वा छुट्याउने व्याकरणको चिह्नलाई लिङ्ग भनिन्छ । लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ (बराल र एटम, २०५८: ३२) । लिङ्ग भाले वा पोथी जातिको बोध गराउने व्याकरणात्मक कोटि हो । यसको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियामा हुन्छ । भाले जातिलाई बुझाउने पुलिङ्ग र पोथी जातिलाई बुझाउने स्त्रीलिङ्ग गरी नेपालीमा लिङ्ग दुई किसिमका हुन्छन् । लिङ्गको भेद मूलतः शब्दात्मक र वाक्यात्मक आधारमा गरिएको हुन्छ । नामसँग सम्बद्ध भएका शब्दात्मक लिङ्गभेद रहन्छ भने क्रियासँग सम्बद्ध भएका आधारमा वाक्यात्मक लिङ्गभेद देखिन्छ । जस्तै :

| | |
|---|---|
| राम्री केटी हिड्दैछे । | राम्रो केटो हिड्दैछ । |
| सिता पाठ पढ्छे । | राम पाठ पढ्छ । |

लिङ्ग नामसँग सम्बद्ध व्याकरणात्मक धारा हो । (बन्धु, २०५३: ५४ )

## ख) वचन

एक वा एकभन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई वचन भनिन्छ । नेपालीमा एउटा सङ्ख्या जनाउनेलाई एकवचन भनिन्छ । धेरै सङ्ख्या जनाउनेलाई बहुवचन भनिन्छ । वचन सङ्ख्यासँग सम्बन्धित वाक्यगठनको महत्त्वपूर्ण पक्ष हो । वचनको अभिव्यक्तिमा क्रियापदको अहम् भूमिका रहन्छ । वाक्यमा वचन अनुसारको क्रियापदको प्रयोग गर्नु पर्दछ । नेपाली, हिन्दी, अङ्ग्रेजी भाषामा एकवचन र बहुवचन गरी दुई प्रकारका वचन देखिन्छन् भने संस्कृतमा दुई वचन रहेका छन् । सङ्ख्या बुझाउने व्याकरणको चिह्नलाई वचन भनिन्छ । वचनको अभिव्यक्तिनाम, सर्वनाम र क्रियामा रहेको पाइन्छ (बराल र एटम, २०६८: ४१) नेपाली भाषाका वचनसम्बन्धी केही उदाहरणहरू तल दिइएको छ :

| एकवचन | बहुवचन |
|---|---|
| म सिनेमा हेर्छु | हामी सिनेमा हेर्छौं । |
| केटाले भात खायो । | केटाहरूले भात खाए । |

**ग) पुरुष**

अभिव्यक्तिमा संलग्न सहभागीको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ । यो विशेषतः सर्वनामसँग सम्बन्धित हुन्छ । कर्ता जुन पुरुषमा छ त्यही अनुसारको क्रियापद प्रयोग गरिने हुँदा सिकारूले पुरुष अनुसारका क्रियापदका छनोट गर्न नसक्दा त्रुटिपूर्ण वाक्यहरू प्रयोग गर्दछन् । नेपाली भाषामा प्रथम, द्वितीय, तृतीय तिन प्रकारका हुन्छन् । नेपाली भाषामा वक्तालाई जनाउने प्रथम पुरुष सुन्ने स्रोता जनाउनेलाई द्वितीय, पुरुष र यी भन्दा बाहेक विषय सन्दर्भ हुने तेस्रो व्यक्तिलाई जनाउने तृतीय पुरुष गरी जम्मा तिन प्रकारका हुन्छन् । रूपको अभिव्यक्ति सर्वनाम क्रियापदमा हुन्छ । जस्तै :

प्रथम पुरुष : म किताब पढ्छु ।

द्वितीय, पुरुष : तिमीहरू किताब पढछौ ।

तृतीय पुरुष : ऊ किताब पढ्छ ।

सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । (बन्धु, २०५३ : ८५ ) ।

**घ) काल**

क्रियापदले वर्णन गरेको काम वा अवस्थाको समयलाई काल भनिन्छ । अभिव्यक्तिको समयलाई आधार बनाएर कालको निर्धारण गरिन्छ । ( बराल र एटम, २०७१: १३० ) । काल समयको बोध गराउने व्याकरणात्मक कोटि हो । क्रियाबाट सूचित कार्य व्यापारको समय विशेषलाई बुझाउनका लागि कालको प्रयोग हुन्छ । यसको अभिव्यक्ति क्रियामा भएको पाइन्छ । नेपाली व्याकरणमा कालले क्रियामा विभिन्न रूपबाट व्यक्त हुने समय नै काल हो । क्रियाको रूपका आधारमा काललाई भूतकाल र अभूतकाल गरी दुई किसिममा विभाजन गरिएको छ । भाषिक अभिव्यक्तिका क्रममा बोल्दा वा लेख्दाको क्षणलाई आधार मानेर त्यस भन्दा पूर्वको समय भूतकाल र त्यस पछिको समय अभूतकालले जनाइन्छ ।

**अ) भूतकाल**

पहिलेको समयलाई जनाउने क्रियाको रूपमा भूतकाल रहन्छ । भूतकालले क्रियाको कार्य व्यापार पहिले नै वा बितिसकेको समयमा सम्पन्न भई सकेको कुरालाई जनाउछ ।

भूतकाल जनाउनका लागि हिजो अस्ति, एकवर्ष अघिआदि जस्ता समयबोधक क्रियाविशेषण लाग्छन् । जस्तै :

हामीले हिजो सिनेमा हेऱ्यौँ ।

डिल्लिराम मुसुक्क हाँस्यो ।

**आ) अभूतकाल**

क्रियापदले वर्णन गरेको काम वा अवस्थाको  समयलाई काल भनिन्छ । अभिव्यक्तिको समयलाई आधार बनाएर कालको निर्धारण गरिन्छ । ( बराल र एटम २०७१ :१३० ) । नबितेको समयलाई जनाउने क्रियाको रूप अभूतकाल हो । अभूतकाललाई वर्तमानकाल र भविष्यत्काल गरी दुई भेदमा छुट्याउन सकिन्छ । क्रियामा वर्णित कार्यव्यापार अहिलेहुने भन्ने बुझाउन प्रयोग हुने क्रियाको रूपमा वर्तमान काल हो । यसमा क्रियाको कार्यव्यापार थालिएको तर समाप्त भई नसकेको समयलाई सङ्केत गर्छ । यसका क्रियापदको पनि अन्त्यमा छ, छे, छिन्, र छौ जस्ता धातुको प्रयोग हुन्छ । पछि हुने कार्यको सङ्केत भएमा भविष्यत् काल हुन्छ । यसमा क्रियाको अन्त्यमा नेछ, नेछौ, नेछिन् जस्ता क्रियापदको प्रयोग हुन्छ । जस्तै :

केटाले गजल लेख्नेछ ।

देवेन्द्र बजार जानेछ ।

नेपाली भाषालाई शुद्धसँग प्रयोग गर्न वाक्यगठनमा कालको सङ्गति मिल्नु पर्दछ । क्रियापदको कालगत सङ्गति नभएमा त्रुटि हुन्छ । त्यसकारण क्रिया र काल सङ्गतियुक्त वाक्य निर्माण गर्नु आवश्यक हुन्छ ।

**ङ) आदर**

आदरमा मुख्यतः स्रोता र अन्य सन्दर्भमा आदरार्थी सर्वनामको र अन्य सन्दर्भमा चाहिँ सर्वनामका साथै आदर जनाउने नामको प्रयोग हुने गर्दछ । वक्ता, स्रोता र सन्दर्भ व्यक्तिका बिचको सामाजिक सम्बन्ध निर्देश गर्ने व्याकरणिक एकाइलाई आदर भनिन्छ । नेपालीमा निम्न आदर, सामान्य आदर, उच्च आदर, अतिउच्च आदरआदि रहेका छन् । त्यस्तै द्वितीय पुरुष सर्वनाम तँ, तिमी, तपाई, हजुर यी सबैले आदरका विभिन्न रूपहरूलाई बुझाउछन् । मूलतः आदरको अभिव्यक्ति सर्वनाम र क्रियामा हुन्छ । जस्तै :

निम्न आदर : तँ घर जा ।

मध्यम आदर : तिमी बजार जाऊ ।

उच्च आदर : तपाई कहिले आउनुभयो ?

अतिउच्च आदर : हजुर खाना खाइस्यो ।

**च) पक्ष**

एउटा काल भित्रको समयको विभाजन जनाउने क्रियाको रूप पक्ष हो । कुनै कालको अवधि भित्र हुने घट्ने वा गरिने क्रियाका कार्यव्यापारको अवस्थालाई पक्षले जनाउँछ । काल भनेको सिङ्गो समयको विभाजन हो भने पक्ष भनेको त्यस समय भित्र घटित कार्यको स्थिति वा अवधि हो । यसको अभिव्यक्ति क्रियापदमा हुन्छ । नेपाली भाषामा पक्षलाई सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी पाँच भागमा विभाजन गरिएको छ । त्यसैगरी भूतकालसँग पनि पाँच पक्ष सम्बन्धित छन् भने अभूतकालसँग सामान्य, अपूर्ण र पूर्ण गरी तिनवटा पक्षहरू मात्र छन् । कालका पक्षलाई निम्नअनुसार उल्लेख गरिएको छ :

सामान्य भूत : म बजार गएँ ।

सामान्य वर्तमान : म बजार जान्छु ।

अपूर्ण भूत : म विद्यालय जाँदै थिएँ ।

अपूर्ण वर्तमान : म विद्यालय जाँदैछु ।

पूर्ण भूत : दिपक क्याम्पस गएको थियो ।

पूर्ण वर्तमान : रामदत्त बजार गएको छ ।

अज्ञात भूत : कुशल मामा घर गएछ ।

सामान्य भविष्यत् : म बजार जानेछु ।

अपूर्ण भविष्यत् : म विद्यालय जाँदै हुनेछु ।

अभ्यस्त भूत : सनत मामा घर जान्थ्यो ।

**छ) वाच्य**

वाक्यमा कर्ता, कर्म, वा भावमध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ । यो मुख्यत : क्रियासँग सम्बन्धित हुन्छ (अधिकारी ,२०४९ :११७ ) । उक्त आधारमा वाक्यमा रहेका कर्ता, कर्म र भावको अवस्था बुझाउने क्रियाको स्वरूप वाच्य हो ।

क्रियाको विषय कर्ता, कर्म, वा भावलाई जनाउने व्याकरणात्मक कोटि वाच्य हो । यसले वाक्यमा नामिक पद र क्रियाको सम्बन्धलाई जनाउँछ । वाक्यमा कर्ताको कर्मको वा क्रियाको प्राधान्य रहन्छ । क्रियाको सम्बन्ध कर्तासँग रहँदा कर्म प्रधान रहन्छ र क्रियाको

सम्बन्ध कर्मसँग नरही सोही क्रियाको भावसगँ रहँदा भाव प्रधान हुन्छ । यसै आधारमा कर्तृ, कर्म र भाव गरी तिन किसिमका हुन्छन् ।

**अ) कर्तृवाच्य**

क्रियापदको सङ्गति कर्तासँग रहने वाच्य कर्तृवाच्य हो । यसमा कर्ताको लिङ्ग, वचन, पुरुष, आदर अनुरूप क्रियापद रहन्छ । कर्तृवाच्य सकर्मक र अकर्मक दुवै क्रियायुक्त वाक्यमा रहन्छ । जस्तै :

सर्मिलाले धेरै फूलहरू रोपेकी छन् ।

म घर जान्छु ।

**आ) कर्मवाच्य**

क्रियापदको सम्बन्ध कर्मसँग रहने वाक्य कर्मवाच्य हो । यसमा क्रियाको सम्बन्ध कर्मसँग रही कर्मको भूमिका प्रमुख रहन्छ । सकर्मक क्रियाले बनेको कर्तृवाच्यको वाच्यान्तरण गरी कर्मवाच्य बन्दछ । जस्तै :

आन्दोलनकारीद्वारा ऊ कुटियो ।

देवकोटाद्वारा मुनामदन लेखिएको थियो ।

**इ) भाववाच्य**

क्रियापदको सम्बन्ध कर्ता र कर्मसँग नभएर सोही क्रियाको भावसँग रहने वाच्य भाववाच्य हो । भाववाच्यको क्रियामा प्रायः अकर्मक हुन्छ र क्रियापदको धातुसँग 'इ' गाँसिन्छ । जस्तैः

आफू त हाँसिन्छ ।

धरान बजार घुमियो ।

**ज) कारक**

वाच्यमा नामिक पदको कार्यलाई जनाउने व्याकरणिक कोटि कारक हो । नामिकपदको वाक्यमा वाक्यन्तरण कार्य देखाउने नामिक पदको रूपमा परिवर्तन गरिन्छ । वाक्यमा प्रयुक्त हुँदा परिवर्तन नभएको रूपलाई जनाउने सरल र परिवर्तित रूपलाई जनाउने तिर्यक गरी कारक दुई किसिमका हुन्छन् । कारकको अभिव्यक्ति नाम, सर्वनाम र विशेषणमा हुन्छ । जस्तै :

सरल कारक : केटो किताब पढ्छ ।

तिर्यक कारक : केटाले किताब पढेको छ ।

क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेका विभिन्न किसिमको काम गर्ने संज्ञा पदको रूपमा कारकलाई चिन्न सकिन्छ । (बन्धु,२०४७ : १२०) । नेपालीमा कारक भनेको नामिक पदको त्यो रूप हो जसको सम्बन्ध वा कार्य वाक्यका अन्य शब्दहरूसँग र खास गरी क्रियासँग छ भन्ने मानिन्छ ।

**(अ) कारकको वर्गीकरण**

शर्माका अनुसार अर्थ वा कार्यका आधारमा नेपाली कारकहरू आठवटा छन् । ती निम्न अनुसार छन् :

| | |
|---|---|
| कर्ता कारक | सम्बोधन कारक |
| कर्म कारक | अपादान कारक |
| करण कारक | सम्बन्ध कारक |
| सम्प्रदान कारक | अधिकरण कारक |

वाक्यमा क्रियापदसँग सम्बन्ध राख्ने नामिक शब्दका रूपहरूलाई कारक भनिन्छ । नाम, सर्वनाम र विशेषणका रूपहरूले क्रियासँग सम्बन्धित भएर कर्ता, कर्म, करण आदिको भूमिका निर्वाह गरी वाक्यलाई अर्थयुक्त बनाएका हुन्छन् । (ढकाल, २०६७ : १८८ ) ।

कार्य वा भूमिकाका आधारमा कारकलाई कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छ प्रकारमा विभाजन गरिएको छ भने बाह्य रूपको आधारमा कारकलाई सरल र तिर्यक् गरी दुई भागमा वर्गीकरण गरिएको छ, जस्तै :

हरिले गीत गायो ।

केटो बल्छीले माछा मार्छ ।

### ३.३.२ वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता

भाषा असीमित व्यवस्थाहरूको व्यवस्था हो । भाषाका सबै शब्दहरू पाठ्यपुस्तकमा समावेश गर्न सकिँदैन । विद्यार्थीहरूको क्षमता योग्यता र पूर्व ज्ञानको आधारमा यसको निर्धारण गरिन्छ । भाषालाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन र सोहीअनुरूप वाक्यको उपयोग गर्ने सिप हासिल गराउन वाक्यगठन क्षमताको वृद्धि गर्नु भाषा शिक्षणको अनिवार्य कार्य हो ।

वाक्यगठन आधारभूत तहको शिक्षण भएकोले वाक्यका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य आदिलाई अलग अलग शिक्षण गर्नु पर्दछ । वाक्यगठन विद्यार्थीहरूको स्तरयुक्तता र उपयुक्तताको पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो । यो विद्यार्थीको पूर्व शैक्षिक अनुभव र ज्ञानसँग सम्बन्धित हुन्छ । त्यसैले दैनिक जीवनका भाषिक व्यावहारमा वाक्यको प्रयोग गर्न सक्ने हुनु आवश्यक छ ।

कुनै शब्दको अर्थलाई स्पष्ट, सुबोध, सटिक र सक्रिय तुल्याउनका लागि पनि यसको भूमिका अतुलनीय रहेको पाइन्छ । त्यस्तै गरी वाक्यगठनका आधारभूत कुराप्रति सचेत गराउन र विद्यार्थीहरूले वातावरणबाट सिकेका भाषाहरूमा पाइने त्रुटिहरूको निराकरण गर्न भाषाको शिष्ट प्रसङ्गानुकुल एवम् औचित्यपूर्ण पूर्ण प्रयोगको प्रतिनिधित्व गराउन भाषाको प्रभावकारिता एवम् सौन्दर्य खलबलिन नदिन र सम्बन्धित भाषाका सामान्य विशेषताहरू जस्तै लिङ्ग, वचन पुरुष, आदर काल, पक्ष, भाव, वाच्य पहिल्याउन वाक्यगठनको आवश्यकता हुन्छ ।

भाषा असीमित व्यवस्थाहरूको व्यवस्था हो । भाषाका सबै शब्दहरू पाठ्यपुस्तकमा समावेश गर्न सकिँदैन । विद्यार्थीहरूको क्षमता रूचि र पूर्व ज्ञानको आधारमा यसको निर्धारण गरिन्छ । वाक्यगठनको अध्ययन गर्दा आधारभूत कुराहरूप्रति जानकारी हुनेछ । भाषामा पाइने कमजोरीहरू निराकरण गरी शिष्ट र औचित्यपूर्ण भाषाको प्रयोग गराउन सहज हुन्छ । यसले भाषामा भएको अशुद्धिलाई निराकरण गरी भाषालाई प्रभावकारी र सौन्दर्य खलबलिन दिँदैन । त्यसैले भाषामा वाक्यगठनको अध्ययन गर्न अत्यन्त आवश्यक देखिन्छ ।

# अध्याय तिन

# शोध विधि र प्रक्रिया

## ३.१ शोध विधि

यो अध्ययन इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिल्याउने कुरामा केन्द्रित रहेको छ । अनुसन्धान प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर अनुसन्धानको निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

अनुसन्धानमा विधिको महत्त्वपूर्ण भूमिका रहन्छ । विधिले शोधकार्य कुन तरिकाबाट सम्पन्न गर्ने भन्ने कुराको स्पष्ट निर्देशन दिने गर्दछ । शोध शीर्षक अनुसार विधि फरक फरक हुन्छन् । शोधको प्रकृति अनुरूप विधि चयन गरिन्छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि र नमुना छनोट विधि अपनाइएको छ । प्रस्तुत अध्ययनमा जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या तथा विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ ।

अध्ययनमा अवलम्बन गरिने प्रक्रियाहरूको विस्तृत विवरण निम्नअनुसार रहेको छ :

### ३.१.१ जनसङ्ख्या

प्रस्तुत अध्ययन इलाम जिल्लाका पश्चिम भेगका सामुदायिक र संस्थागत विद्यालयका शैक्षिक सत्र २०७३ मा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.१.२ प्रतिनिधि नमुना

विभिन्न कारण जस्तैः आर्थिक समस्या, समय, भौगोलिक विकटता आदिले गर्दा सम्पूर्ण विद्यार्थीहरूलाई समेटेर अध्ययन गर्न असम्भव हुन्छ । प्रतिनिधि नमुनामा जनसङ्ख्याले पूर्णतः प्रतिनिधित्व गरोस् भन्ने दृष्टिकोणले उपयुक्त सिङ्गो जनसङ्ख्याबाट इलाम जिल्लाका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालय छनोट गरिएको छ । उक्त ८ वटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरू लिइएको छ । कुल ८० जना विद्यार्थीहरूलाई

अध्ययनका लागि प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । जसमा ४० जना छात्र र ४० जना छात्रा विद्यार्थीहरू रहेका छन् ।

### ३.१.३ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको वाक्यगठन क्षमतामा केन्द्रित रहेको छ । शोधकार्यलाई व्यवस्थित, प्रमाणिक, विश्वसनीय र वैध बनाउनको लागि विभिन्न स्रोत तथा प्रक्रियाबाट सामग्री निर्माण गरिएको छ । यस अध्ययनमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन भएकोले त्यसैअनुसार सामग्री तयार गरिएको छ । सामग्री निर्माणका लागि वाक्यगठनका सात पक्षहरू ( लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष र वाच्य ) सँग सम्बन्धित नौ वटा वस्तुगत प्रश्नहरू निर्माण गरिएको छ ।

### ३.१.४ पूर्व परीक्षण

प्रश्नपत्र निर्माण भई सकेपछि सर्वप्रथम विशेषज्ञहरूको राय सल्लाह लिई आवश्यक संशोधन र परिमार्जन गरेर १० जना विद्यार्थीहरूबाट उक्त प्रश्नमा पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षण पश्चात् प्रश्नहरूको विश्लेषण गरी आवश्यक संशोधन र सम्पादन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई परीक्षणका लागि तयार पारिएको छ ।

### ३.१.५ कार्यान्वयन

प्रश्नहरू निर्माण पश्चात उक्त प्रश्नहरूलाई इलाम जिल्लाका पश्चिमी क्षेत्रका ८ वटा सामुदायिक र संस्थागत विद्यालयका ८० जना विद्यार्थी छनोट गरी पूर्व परीक्षणबाट संशोधन र परिमार्जन गरी तयार पारिएका प्रश्नहरूबाट परीक्षा लिइएको छ । उक्त परीक्षाका लागि १ घन्टा समय निर्धारण गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन

विद्यार्थीहरूको परीक्षा पश्चात् उत्तरकुञ्जिका तयार पारी परीक्षण गरिएको छ । प्रस्तुत शोधकार्य विद्यार्थीहरूको वाक्यगठन सम्बन्धी क्षमताको अध्ययनमा केन्द्रित भएकोले यसै अनुरूप अङ्क निर्धारण गरिएको छ । वाक्यगठनका विभिन्न पक्षहरू जस्तैः लिङ्ग, वचन, पुरुष, आदर, काल र अर्थमा निहित विवरणलाई क्षमताका आधारमा आवश्यकता अनुसार लैङ्गिक, भाषिक र विद्यालयको प्रकृतिका आधारमा तुलना गरी तालिकीकरण गरिएको छ ।

### ३.३ तथ्याङ्कको विश्लेषण

तथ्याङ्कको विश्लेषण गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरूको प्राप्त विवरणलाई तालिकीकरण गरी मध्यमान निकालिएको छ र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा तल र माथि कति प्रतिशत छन् भनेर गणना गरिएको छ । उद्देश्य अनुरूप पहिचानात्मक र उत्पादनात्मक वाक्य निर्माण क्षमताको समग्र रूपमा हेर्न त्यही प्रक्रिया अपनाइएको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान छुट्टाछुटै निकालिएको छ । मध्यमानका आधारमा विभिन्न चलहरूको स्थिति पत्ता लगाइएको छ । उच्चतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाइएको छ । उच्चतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशतको प्रयोग गरी गणना गरिएको छ । यही प्रक्रिया अवलम्बन गरी लिङ्गगत र विद्यालयको प्रकृतिका आधारमा पनि तथ्याङ्क विश्लेषण गरिएको छ ।

# अध्याय चार

# समग्रमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

## ४.१ परिचय

प्रस्तुत शोधपत्र इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूको समग्रमा वाक्यगठन क्षमता, लैङ्गिकताका आधारमा वाक्यगठन क्षमता र विद्यालयको प्रकृतिका आधारमा वाक्यगठन क्षमताको अध्ययन गरिएको छ ।

विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई लिङ्गगत, वचनगत, पुरुषगत, आदरगत, कालगत, वाच्यगत र कारकगत आधारमा निम्नानुसार तालिकामा व्याख्या गरिएको छ ।

## ४.२ लिङ्गगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको लिङ्गसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई प्रतिशतका आधारमा तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ४.१**

**लिङ्गगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**


| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| २ वटा वाक्य मिलाउने | ३६ | ४५ | ३६ |
| १ वटा वाक्य मिलाउने | ३४ | ४२.५ | ३४ |
| वाक्य नमिलाउने | १० | १२.५ | १० |

माथिको तालिका अनुसार लिङ्गसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये ३६ जना अर्थात् ४५ प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् । यसैगरी ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरूले १

वटा वाक्य मिलाएका छन् भने वाक्य नमिलाउनेमा १० जना अर्थात् १५.५ प्रतिशत रहेको पाइयो । लिङ्गसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ ।

**चित्र ४.१**

**लिङ्गगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने लिङ्गसम्बन्धी वाक्यगठन क्षमतामा ३६ जना अर्थात् ४५ प्रतिशत विद्यार्थी राम्रो रहेको पाइयो भने ४४ जना अर्थात् ५५ प्रतिशत विद्यार्थीहरूको वाक्यगठन क्षमता खासै राम्रो पाइएन ।

### ४.१.२ वचनगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको वचनसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ४.२**

**वचनगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**


| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| २ वटा वाक्य मिलाउने | ५५ | ६८.७५ | ५५ |
| १ वटा वाक्य मिलाउने | २० | २५ | २० |
| वाक्य नमिलाउने | ५ | ६.२५ | ५ |

माथिको तालिका अनुसार वचनसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये ५५ जना अर्थात् ६८.७५ प्रतिशत

विद्यार्थीले २ वटा वाक्य मिलाएका छन् । यसैगरी २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले १ वटा मात्र वाक्य मिलाएका छन् भने वाक्य नमिलाउने ५ जना अर्थात् ६.२५ प्रतिशत रहेको पाइयो । वचनसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.२**

**वचनगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने वचनसम्बन्धी वाक्यगठन क्षमता ५५ जना अर्थात् ६८.७५ प्रतिशत विद्यार्थी राम्रो रहेको पाइयो २० अर्थात् २५ प्रतिशत मध्यम वर्गका पाइए भने ५ जना अर्थात् ६.२५ प्रतिशत विद्यार्थीहरूमा वचनसम्बन्धी खासै राम्रो नदेखिएको पाइन्छ । यसरी अध्ययन गर्दा वचन सम्बन्धी विद्यार्थी राम्रो रहेको पाइयो ।

### ४.१.३ पुरुषगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको पुरुषसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई यसरी प्रस्तुत गरिएको छ :

**तालिका ४.३**


**पुरुषगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| २ वटा वाक्य मिलाउने | २० | २५ | २० |
| १ वटा वाक्य मिलाउने | ४८ | ६० | ४८ |
| वाक्य नमिलाउने | १२ | १५ | १२ |

माथिको तालिका अनुसार पुरुषसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २० जना अर्थात् २५ प्रतिशतले २ वटा वाक्य मिलाएका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थी रहेका छन् भने वाक्य नमिलाउनेमा १२ जना अर्थात् १५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । पुरुषसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा यसरी देखाइएको छ :

**चित्र ४.३**

**पुरुषगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने पुरुषसम्बन्धी वाक्यगठन क्षमता २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूको राम्रो रहेको पाइयो । त्यसैगरी ६० जना अर्थात् ७२ प्रतिशत विद्यार्थीहरूको पुरुषसम्बन्धी वाक्यगठन क्षमता खासै राम्रो देखिदैन ।

### ४.१.४ आदरका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**


**आदरका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| ३ वटा वाक्य मिलाउने | २२ | २७.५ | २२ |
| १-२ वटा वाक्य मिलाउने | ४७ | ५८.७५ | ४७ |
| वाक्य नमिलाउने | ११ | १३.७५ | ११ |

माथिको तालिका अनुसार आदरसम्बन्धी वाक्यगठन क्षमतामा सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २२ अर्थात् २७.५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् भने ४७ जना अर्थात् ५८.७५ प्रतिशत विद्यार्थीहरूले १ देखि २ वटा वाक्य मिलाएका छन् त्यसैगरी ११ जना अर्थात् १३.७५ प्रतिशत विद्यार्थीहरूले आदरसम्बन्धी वाक्य मिलाएका छैनन् । आदरसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.४**

**आदरका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने आदरसम्बन्धी वाक्यगठन क्षमतामा २२ जना अर्थात् २७.५ प्रतिशत विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो भने ५८ जना अर्थात् ७२.५ प्रतिशत विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमता खासै राम्रो पाइएन ।

### ४.१.५ कालका आधारमा वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.५**


**कालका आधारमा वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| ३ वटा वाक्य मिलाउने | १८ | २२.५ | १८ |
| १-२ वटा वाक्य मिलाउने | ४८ | ६० | ४८ |
| वाक्य नमिलाउने | १४ | १७.५ | १४ |

माथिको तालिका अनुसार कालसम्बन्धी वाक्यगठन क्षमतामा सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये १८  जना अर्थात् २२.५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् । त्यसैगरी ४८ जना अर्थात्  प्रतिशत विद्यार्थीहरूले १-२ वटा वाक्य मिलाएका छन् भने १४ जना अर्थात् १७.५ प्रतिशत विद्यार्थीहरूले कालसम्बन्धी वाक्य मिलाएका छैनन् । कालसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.५**

**कालका आधारमा वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने कालसम्बन्धी वाक्यगठन क्षमतामा १८ जना अर्थात् २२.५ प्रतिशत विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन राम्रो रहेको पाइयो भने ६२ जना अर्थात् ७७.५ प्रतिशत विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन क्षमता खासै राम्रो पाइएन ।

### ४.१.६ वाच्यगत आधारमा वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको वाच्यसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ४.६**


**वाच्यगत आधारमा वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| २ वटा वाक्य मिलाउने | ३२ | ४० | ३२ |
| १ वटा वाक्य मिलाउने | ४२ | ५२.५ | ४२ |
| वाक्य नमिलाउने | ६ | ७.५ | ६ |

माथिको तालिका अनुसार वाच्यसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि सोधिएका प्रश्नहरू ८० जना विद्यार्थीहरूमध्ये ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् । त्यस्तै १ वटा वाक्य मिलाउने विद्यार्थीहरू ४२ अर्थात् ५२.५ प्रतिशत रहेका छन् भने वाक्य नमिलाउनेमा ६  जना अर्थात् ७.५ प्रतिशत विद्यार्थी रहेका छन् । वाच्यसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.६**

**वाच्यगत आधारमा वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने वाच्यसम्बन्धी वाक्यगठन क्षमतामा ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूको राम्रो रहेको पाइयो भने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूको वाच्यसम्बन्धी वाक्यगठन क्षमता खासै राम्रो पाइएन ।

### ४.१.७ कारकगत आधारमा वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको कारकसम्बन्धी वाक्यगठन क्षमतामा लिइएको परीक्षामा प्राप्त नतिजालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.७**


**कारकका आधारमा वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| २ वटा वाक्य मिलाउने | २५ | ३१.२५ | २५ |
| १ वटा वाक्य मिलाउने | ४० | ५७ | ४० |
| वाक्य नमिलाउने | १५ | १८.७५ | १५ |

माथिको तालिका अनुसार कारकसम्बन्धी वाक्यगठन क्षमतामा सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २५ जना अर्थात् ३१.२५ प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् । त्यस्तै १ वटा वाक्य मिलाउने ४० जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् भने वाक्य नमिलाउने १५ जना अर्थात् १८.७५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । कारक सम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.७**

**कारकका आधारमा वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने कारकसम्बन्धी वाक्यगठन क्षमतामा २५ जना अर्थात् ३१.२५ प्रतिशत विद्यार्थीहरूको राम्रो पाइयो भने ५५ जना अर्थात् ६८.७५ प्रतिशत विद्यार्थीहरूको कारकसम्बन्धी वाक्यगठन क्षमता मध्यम खालको पाइयो ।

### ४.१.८ अर्थगत आधारमा वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको अर्थसम्बन्धी वाक्यगठन क्षमतामा लिइएको परीक्षामा प्राप्त नतिजालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.८**


**अर्थका आधारमा वाक्यगठन क्षमता**

| वाक्य सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | कुल विद्यार्थी |
|---|---|---|---|
| ३ वटा वाक्य मिलाउने | २० | २५ | २० |
| १-२ वटा वाक्य मिलाउने | ५० | ६२.५ | ५० |
| वाक्य नमिलाउने | १० | १२.५ | १० |

माथिको तालिका अनुसार अर्थसम्बन्धी वाक्यगठन क्षमतामा सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् । त्यस्तै १ देखि २ वटा वाक्य मिलाउने ५० जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने वाक्य नमिलाउने १० जना अर्थात् १२.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । अर्थसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४.८**

**अर्थका आधारमा वाक्यगठन क्षमता**




यसरी समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने अर्थसम्बन्धी वाक्यगठन क्षमतामा २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूको राम्रो पाइयो भने ६० जना अर्थात् ७५ प्रतिशत विद्यार्थीहरूको अर्थसम्बन्धी वाक्यगठन क्षमता मध्यम खालको पाइयो ।

## ४.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन गर्ने क्रममा इलाम जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयमा गएर सामग्री सङ्कलन गरिएको थियो । सामग्री सङ्कलनका लागि वस्तुगत र स्वतन्त्र लेखन प्रश्नका माध्यमबाट विद्यार्थीहरूमा लिखित परीक्षा लिइएको थियो । उक्त प्रश्नहरूको उत्तरपुस्तिकाको परीक्षण गरी सम्पूर्ण विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानेर समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमतालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता**

| **प्राप्ताङ्क** | **५-१५** | **१५-२५** | **२५-३५** | **३५-४५** | **समूहगत सङ्ख्या** |
|---|---|---|---|---|---|
| समग्रताको आधार | ० | ४ | ४९ | २७ | ८० |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई राखिएको छ । यसमा ५-१५ सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या शुन्य छन् भने अधिकतम अङ्क ल्याउने २५-३५ सम्म ४९ जनाले ल्याएका छन् भने मध्यम स्थानमा अधिक अङ्क ल्याउने २७ जना विद्यार्थी रहेका छन् । माथि प्रस्तुत विवरणलाई तलको तालिकामा मध्यमान र प्रतिशत निकाली देखाइएको छ :

**तालिका ४.१०**


**मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता**

| **जम्मा विद्यार्थी सङ्ख्या** | **मध्यमान** | **मध्यमानभन्दा माथि** | | **मध्यमानभन्दा तल** | |
|---|---|---|---|---|---|
| | | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** |
| ८० | ३२.८७ | ५३ | ६६.२५ | २७ | ३३.७५ |

माथिको तालिकाअनुसार कक्षा पाँचका ८० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३२.८७ रहेको छ । यो मध्यमानलाई आधारमान्दा मध्यमानभन्दा माथि ५३ अर्थात् ६६.२५ प्रतिशत रहेका छन् भने मध्यमानभन्दा तल २७ जना अर्थात् ३३.७५ प्रतिशत रहेका छन् । यसरी समग्रमा माथिको तालिका अनुसार के निष्कर्ष निकाल्न सकिन्छ भने मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता कमजोर रहेको पाइन्छ । मध्यमान आधारमा वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

चित्र ४.९

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता




यसर्थ ८० जना विद्यार्थीहरूमध्ये ५३ जना अर्थात् ६६.२५ प्रतिशत विद्यार्थीहरूको वाक्यगठन क्षमता खासै राम्रो देखिदैन भने २७ जना अर्थात् ३३.७५ प्रतिशत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

## अध्याय : पाँच

# लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको विश्लेषण

## ५.१ परिचय

अध्ययनका क्रममा छनोट गरिएका कक्षा पाँचका ८० जना विद्यार्थीहरूमध्ये ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका विभिन्न पक्षमा भएको तुलनात्मक अध्ययन निम्न शीर्षकमा गरिएको छ ।

### ५.१.१ लिङ्गगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका क्रममा लिङ्गगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

**तालिका ५.११**


**लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २ वटा वाक्य मिलाउने | १६ | २० | २० | २५ | ३६ | ४५ |
| १ वटा वाक्य मिलाउने | १५ | १८.७५ | १९ | २३.७५ | ३४ | ४२.५ |
| वाक्य नमिलाउने | ६ | ७.५ | ४ | ५ | १० | १२.५ |

माथिको तालिकाको आधारमा लिङ्गगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना छात्रछात्राहरूमध्ये २ वटा वाक्य मिलाउने ३६ जना अर्थात् ४५ प्रतिशत जसमा छात्र १६ जना अर्थात् २० प्रतिशत र छात्रा २० जना अर्थात् २५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउनेमा ३४ जना अर्थात् ४२.५ प्रतिशत रहेका छन् जसमा छात्र १५ जना अर्थात् १८.७५ प्रतिशत रहेका छन् भने छात्रा १९ जना अर्थात् २३.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् जसमा छात्र ६ जना अर्थात् ७.५ प्रतिशत रहेका छन् भने छात्रा ४ जना अर्थात् ५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ ।

**चित्र ५.१०**

**लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**




यसरी समग्रमा हेर्दा ३६ जना अर्थात् ४५ प्रतिशत विद्यार्थीहरूको लिङ्गसम्बन्धी वाक्यगठन क्षमता राम्रो पाइयो भने ४४ जना अर्थात् ५५ प्रतिशत विद्यार्थीहरूको वाक्यगठन क्षमता खासै राम्रो देखिएन । यसमा छात्राको तुलनामा छात्रहरूको वाक्यगठन क्षमता राम्रो पाइयो ।

### ५.१.२ वचनगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका क्रममा वचनगत क्षमताको तुलनात्मक स्थितिलाई देखाइएको छ :

**तालिका ५.१२**


**वचनका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

| **वाक्य सङ्ख्या** | **छात्र** | | **छात्रा** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| २ वटा वाक्य मिलाउने | २५ | ३१.२५ | ३० | ३७.५ | ५५ | ६८.५ |
| १ वटा वाक्य मिलाउने | ९ | ११.२५ | ११ | १३.७५ | २० | २५ |
| वाक्य नमिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ६.२५ |

माथिको तालिकाका आधारमा वचनगत वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा छात्र र छात्राहरूको क्षमताको तुलना गरिएको छ । यहाँ २ वटा वाक्य मिलाउने ५५ जना अर्थात्  ६८.५ प्रतिशत रहेका छन जसमा छात्र २५ जना अर्थात् ३१.२५ प्रतिशत र छात्रा ३० जना अर्थात् ३७.५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउनेमा २० जना अर्थात् २५ प्रतिशत रहेका छन् जसमा छात्र ९ जना अर्थात् ११.२५ प्रतिशत रहेका छन् भने छात्रा ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा १२ जना अर्थात् १५ प्रतिशत रहेका छन् जसमा ५ जना अर्थात् ६.२५ प्रतिशत छात्र र ७ जना अर्थात् ८.७५ प्रतिशत छात्रा रहेका छन् । वचनसम्बन्धी वाक्यगठन क्षमतालाई स्तम्भ चित्रमा देखाइएको छ ।

**चित्र ५.११**

**वचनका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**




यसरी समग्रमा हेर्दा ५५ जना अर्थात् ६८.७५ प्रतिशत विद्यार्थीहरूको वचनसम्बन्धी वाक्यगठन क्षमता राम्रो देखियो भने २५ जना अर्थात् ३१.२५ प्रतिशत विद्यार्थीहरूका खासै राम्रो देखिएन । यसरी हेर्दा वचनसम्बन्धी वाक्यगठन क्षमतामा छात्रको तुलनामा छात्राहरूको राम्रो पाइयो ।

### ५.१.३ पुरुषगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका क्रममा पुरुषगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

## तालिका ५.१३


## पुरुषका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना

| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २ वटा वाक्य मिलाउने | ११ | १३.७५ | ९ | ११.२५ | २० | २५ |
| १ वटा वाक्य मिलाउने | २२ | २७.५ | २६ | ३२.५ | ४८ | ६० |
| वाक्य नमिलाउने | ५ | ६.२५ | ७ | ८.७५ | १२ | १५ |

माथिको तालिकाका आधारमा पुरुषगत वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा छात्र र छात्राहरूको क्षमता तुलना गरिएको छ । ८० जना विद्यार्थीहरूमध्ये २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले २ वटै वाक्य मिलाएका छन् जसमा छात्र ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् भने छात्रा ९ जना अर्थात् ११.२५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ६० प्रतिशत रहेका छन् जसमा २२ जना अर्थात् २७.५ प्रतिशत छात्रहरू रहेका छन् भने २६ जना अर्थात् ३२.५ छात्रा रहेका छन् । पुरुषगत वाक्यगठन नमिलाउने १२ जना अर्थात् १५ प्रतिशत रहेका छन् जसमा छात्र ५ जना अर्थात् ६.२५ प्रतिशत रहेका छन् भने छात्रा ७ जना अर्थात् ८.७५ प्रतिशत रहेको पाइयो । पुरुषसम्बन्धी वाक्यगठनलाई स्तम्भ चित्रमा देखाइएको छ :

## चित्र ५.१२

## पुरुषका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना



यसरी समग्रमा हेर्दा २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूको पुरुषसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो भने ६० जना अर्थात् ७५ प्रतिशत विद्यार्थीहरूको खासै राम्रो देखिँदैन । यसरी अध्ययन गर्दा पुरुषसम्बन्धी वाक्यगठन क्षमतामा छात्राको तुलनामा छात्रहरू राम्रो पाइयो ।

### ५.१.४ आदरगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका क्रममा आदरगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

**तालिका ५.१४**


**आदरका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३ वटा वाक्य मिलाउने | १० | १२.५ | १२ | १५ | २२ | २७.५ |
| १-२ वटा वाक्य मिलाउने | २२ | २७.५ | २६ | ३२.५ | ४७ | ५८.७५ |
| वाक्य नमिलाउने | ७ | ८.७५ | ४ | ५ | ११ | १३.७५ |

माथिको तालिकाका आधारमा आदरगत वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा छात्र र छात्राहरूको तुलना गरिएको छ । ८० जना विद्यार्थीहरूमध्ये २२ जना अर्थात् २७.७५ प्रतिशतले ३ वटा वाक्य मिलाएका छन् जसमा छात्र १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् भने छात्रा १२ जना अर्थात् १५ प्रतिशत रहेका छन् । त्यस्तै १-२ वटा वाक्य मिलाउने ४७ जना अर्थात् ५८.७५ प्रतिशत रहेका छन् जसमा २२ जना अर्थात् २७.५ प्रतिशत छात्र रहेका छन् भने छात्रा २६ जना अर्थात् ३२.२५ प्रतिशत रहेका छन् । आदरसम्बन्धी वाक्य नमिलाउने ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् जसमा छात्र ७ जना अर्थात् ८.७५ प्रतिशत रहेका छन् भने छात्रा ४ जना अर्थात् ५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ५.१३**

**आदरका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**




यसरी समग्रमा हेर्दा २२ जना अर्थात् २७.५ प्रतिशत विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ भने ५८ जना अर्थात् ७२.५ प्रतिशत विद्यार्थीहरूले आदरसम्बन्धी वाक्यगठनमा खासै राम्रो देखिँदैन । यस अध्ययनबाट छात्रको तुलनामा छात्राहरूको वाक्यगठन क्षमता राम्रो देखिन्छ ।

### ५.१.५ कालगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राको वाक्यगठनका क्रममा कालगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

**तालिका ५.१५**


**कालका आधारमा वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३ वटा वाक्य मिलाउने | १० | १२.५ | ८ | १० | १८ | २२.५ |
| १-२ वटा वाक्य मिलाउने | २० | २५ | २३ | २८.७५ | ४८ | ६० |
| वाक्य नमिलाउने | ६ | ७.२५ | ८ | १० | ११ | १३.७५ |

माथिको तालिकाका आधारमा कालगत वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा छात्र र छात्राहरूको तुलना गरिएको छ । ८० जना विद्यार्थीहरूमध्ये ३ वटा वाक्य मिलाउने १८ जना अर्थात् २२.५ प्रतिशत रहका छन् जसमा छात्र १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् भने छात्रा ८  जना अर्थात् १० प्रतिशत रहेका छन् र त्यस्तै १-२ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ५० प्रतिशत रहेका छन् जसमा छात्र २० जना अर्थात् २५ प्रतिशत र छात्रा २३ जना अर्थात् २८.५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् जसमा छात्र ६ जना अर्थात् ७.५ र छात्रा ८ जना अर्थात् १० प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ५.१४**

**कालका आधारमा वाक्यगठन क्षमताको तुलना**




यसरी समग्रमा हेर्दा १८ जना अर्थात् २२.५ प्रतिशत विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो भने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन खासै राम्रो पाइएन । यस अध्ययनबाट छात्राको तुलनामा छात्रहरूको कालसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

### ५.१.६ वाच्यगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

इलाम जिल्लाका जम्मा ८० जना विद्यार्थीमध्ये ४० छात्र र ४० छात्राहरूको कालगत आधारमा तुलनात्मक अध्ययन गरिएको छ, जसलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं ५.१६**


**वाच्यका आधारमा वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २ वटा वाक्य मिलाउने | १५ | १८.७५ | १७ | २१.२५ | ३२ | ४० |
| १ वटा वाक्य मिलाउने | १९ | २३.७५ | २३ | २८.७५ | ४२ | ४२.५ |
| वाक्य नमिलाउने | ४ | ५ | २ | २.५ | ६ | ७.५ |

माथिको तालिकाका आधारमा वाच्यसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरू सामेल गरिएको थियो । २ वटा वाक्य मिलाउने ३२ जना अर्थात् ४० प्रतिशत रहेका छन् जसमा छात्र १५ जना अर्थात् १८.७५ प्रतिशत र छात्रा १७ जना अर्थात् २१.२५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउनेमा ४२ जना अर्थात् ५२.५ प्रतिशत रहेका छन् जसमा छात्र १९ जना अर्थात् २३.७५ प्रतिशत र छात्रा २३ जना अर्थात् २८.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा ६ जना अर्थात् ७.५ प्रतिशत जसमा छात्र ४ जना अर्थात् ५ प्रतिशत र छात्रा २ जना अर्थात् २.५ प्रतिशत रहेका छन् । तालिकाका आधारमा वाच्यसम्बन्धी वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र नं. ५.१५**

**वाच्यका आधारमा वाक्यगठन क्षमताको तुलना**



यसरी समग्रमा हेर्दा ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूको वाच्यसम्बन्धी वाक्यगठन क्षमता राम्रो पाइयो भने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूको खासै राम्रो पाइएन । यस अध्ययनबाट छात्रको तुलनामा छात्राहरूको वाच्यसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

### ५.१.७ कारकगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राहरूको वाक्यगठनका क्रममा कारकगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

**तालिका ५.१७**


**कारकका आधारमा वाक्यगठन क्षमताको तुलना**

| **वाक्य सङ्ख्या** | **छात्र** | | **छात्रा** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| २ वटा वाक्य मिलाउने | १२ | १५ | १३ | १६.२५ | २५ | ३१.२५ |
| १ वटा वाक्य मिलाउने | २२ | २७.५ | १८ | २२.५ | ४० | ५० |
| वाक्य नमिलाउने | ७ | ८.७५ | ८ | १० | १५ | १८.७५ |

माथिको तालिकाका आधारमा कारकसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूकोमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने २५ जना अर्थात् ३१.२५ प्रतिशत रहेका छन् जसमा छात्र १२ जना अर्थात् १५ प्रतिशत र छात्रा १३ जना अर्थात् १६.२५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउनेमा ४० जना अर्थात् ५० प्रतिशत रहेका छन जसमा छात्र २२ जना अर्थात् २७.५ प्रतिशत र छात्रा १८ जना अर्थात् २२.५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा १५ जना अर्थात् १८.७५ प्रतिशत रहेका छन् जसमा छात्र ७ जना अर्थात् ८.७५ प्रतिशत र छात्रा ८ जना अर्थात् १० प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

चित्र ५.१६

कारकका आधारमा वाक्यगठन क्षमताको तुलना




यसरी कारकसम्बन्धी वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा हेर्दा २५ जना अर्थात् ३१.२५ प्रतिशत विद्यार्थीहरूको राम्रो पाइयो भने ५५ जना अर्थात् ५८.७५ प्रतिशत विद्यार्थीहरूको कारकसम्बन्धी वाक्यगठन खासै राम्रो पाइएन । कारकसम्बन्धी वाक्यगठन क्षमतामा छात्रको तुलनामा छात्राहरूको क्षमता राम्रो पाइएको छ ।

### ५.१.८ अर्थगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

तलको तालिकामा ४० जना छात्र र ४० जना छात्राहरूको वाक्यगठनका क्रममा अर्थगत प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ :

तालिका ५.१८

अर्थका आधारमा वाक्यगठन क्षमताको तुलना


| वाक्य सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३ वटा वाक्य मिलाउने | ९ | ११.२५ | ११ | १३.७५ | २० | २५ |
| १-२ वटा वाक्य मिलाउने | २८ | ३५ | २२ | २७.५ | ५० | ६२.५ |
| वाक्य नमिलाउने | ४ | ५ | ६ | ७.५ | १० | १२.५ |

माथिको तालिकाका आधारमा कारकसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूकोमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये ३ वटा वाक्य मिलाउने २० जना अर्थात् २५ प्रतिशत रहेका छन् जसमा छात्र ९ जना अर्थात् ११.२५ प्रतिशत र छात्रा ११

जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् । त्यसैगरी १ देखि २ वटा वाक्य मिलाउनेमा ५० जना अर्थात् ६२.५ प्रतिशत रहेका छन जसमा छात्र २८ जना अर्थात् ३५ प्रतिशत र छात्रा २२ जना अर्थात् २७.५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् जसमा छात्र ४ जना अर्थात् ५ प्रतिशत र छात्रा ६ जना अर्थात् ७.५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ५.१७**

**अर्थका आधारमा वाक्यगठन क्षमताको तुलना**




यसरी अर्थसम्बन्धी वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा हेर्दा २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूको राम्रो पाइयो भने ६० जना अर्थात् ७५ प्रतिशत विद्यार्थीहरूको अर्थसम्बन्धी वाक्यगठन खासै राम्रो पाइएन । अर्थसम्बन्धी वाक्यगठन क्षमतामा छात्रको तुलनामा छात्राहरूको क्षमता राम्रो पाइएको छ ।

समग्रमा इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत ८० जना विद्यार्थीहरूमध्ये ४० जना छात्र र ४० जना छात्राको तुलनात्मक अध्ययन गर्दा वाक्यगठनका सात पक्षहरूमध्ये सबैमा छात्रको तुलनामा छात्राको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

## अध्याय छ

# विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको विश्लेषण

## ६.१ परिचय

इलाम जिल्लाको पश्चिमी क्षेत्रमा रहेका ४ वटा सामुदायिक र ४ वटा संस्थागत गरी जम्मा ८ वटा विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूमध्ये ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गरिएको छ । लिङ्ग, वचन, पुरुष, आदर, काल, कारक, वाच्य र अर्थ गरी जम्मा आठवटा पक्षहरूको परीक्षा लिइएको थियो ।

### ६.१.१ लिङ्गगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

विद्यार्थीहरूको लिङ्गसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ :

**तालिका ६.१९**

**लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**


| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| २ वटा वाक्य मिलाउने | १९ | २३.७५ | १५ | १७.५ | ३४ | ४२.५ |
| १ वटा वाक्य मिलाउने | १७ | २१.२५ | १९ | २३.७५ | ३६ | ४५ |
| वाक्य नमिलाउने | ६ | ७.५ | ४ | ५ | १० | १२.५ |

माथिको तालिका अनुसार लिङ्गगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने ३४ जना अर्थात् ४२.५ प्रतिशत रहेको पाइन्छ जसमा सामुदायिक विद्यालयका १९ जना अर्थात् २३.७५ प्रतिशत र संस्थागत विद्यालयका १५ जना अर्थात् १८.५ प्रतिशत रहेका छन् ।

त्यसैगरी १ वटा वाक्य मिलाउनेमा ३६ जना अर्थात् ४५ प्रतिशत जसमा सामुदायिक विद्यालयका १७ जना अर्थात् २१.२५ प्रतिशत र संस्थागत विद्यालयका १९ जना अर्थात् २३.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ६ जना अर्थात् ७.५ प्रतिशत र संस्थागत विद्यालयका ४ जना अर्थात् ५ प्रतिशत रहेको पाइयो । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ६.१८**

**लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**




यसरी समग्र अध्ययन गर्दा लिङ्गसम्बन्धी वाक्यगठन क्षमताका संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।

**६.१.२ वचनगत आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन**

विद्यार्थीहरूको वचनसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजालाई तालिकामा देखाइएको छ :

**तालिका ६.२०**


**वचनका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| २ वटा वाक्य मिलाउने | २५ | ३१.२५ | ३० | ३७.५ | ५५ | ६८.७५ |
| १ वटा वाक्य मिलाउने | ९ | ११.२१५ | ११ | १३.७५ | २० | २५ |
| वाक्य नमिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ६.२५ |

माथिको तालिका अनुसार वचनगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने ५५ जना अर्थात् ६८.७५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका २५ जना अर्थात् ३१.२५ प्रतिशत र संस्थागत विद्यालयका ३० जना अर्थात् ३७.५ प्रतिशत रहेका छन् । त्यस्तै १ वटा वाक्य मिलाउनेमा २० जना अर्थात् २५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ९ जना अर्थात् ११.२५ प्रतिशत र संस्थागत विद्यालयका ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा ५ जना अर्थात् ६.२५ प्रतिशत छन् जसमा सामुदायिक विद्यालयका ३ जना अर्थात् ३.७५ प्रतिशत र संस्थागत विद्यालयका २.५ प्रतिशत विद्यार्थीहरू  रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ

**चित्र ६.१९**

**वचनका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**




यसरी समग्र अध्ययन गर्दा वचनसम्बन्धी वाक्यगठन क्षमतामा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयहरूको नतिजा राम्रो देखिएको छ ।

### ६.१.३ पुरुषगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पुरुषसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६.२१**


**पुरुषका आधारमा वाक्यगठन क्षमताको तुलना**

| **वाक्य सङ्ख्या** | **सामुदायिक विद्यालयका विद्यार्थीहरू** | | **संस्थागत विद्यालयका विद्यार्थीहरू** | | **जम्मा विद्यार्थी सङ्ख्या** | |
|---|---|---|---|---|---|---|
| | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** |
| २ वटा वाक्य मिलाउने | ९ | ११.२१५ | ११ | १३.७५ | २० | २५ |
| १ वटा वाक्य मिलाउने | २६ | ३२.५ | २२ | २७.५ | ४८ | ६० |
| वाक्य नमिलाउने | ७ | ८.७५ | ५ | ६.२५ | १२ | १५ |

माथिको तालिका अनुसार पुरुषगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने २० जना अर्थात् २५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ९ जना अर्थात् ११.२५ प्रतिशत र संस्थागत विद्यालयका ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् । त्यस्तै १ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ६० प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका २६ जना अर्थात् ३२.५ प्रतिशत र संस्थागत विद्यालयका २२ जना अर्थात् २७.५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउने १२ जना अर्थात् १५ प्रतिशत जसमा सामुदायिक विद्यालयका ७ जना अर्थात् ८.७५ प्रतिशत र संस्थागत विद्यालयका ५ जना अर्थात् ६.२५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ६.२०**

**पुरुषका आधारमा वाक्यगठन क्षमताको तुलना**




यसरी समग्रमा हेर्दा पुरुषसम्बन्धी वाक्यगठन क्षमतामा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजा राम्रो देखिन्छ ।

### ६.१.४ आदरगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको आदरसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका ६.२२


## आदरका आधारमा वाक्यगठन क्षमताको तुलना

| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| ३ वटा वाक्य मिलाउने | १३ | १६.२५ | ९ | ११.२५ | २२ | २७.५ |
| १-२ वटा वाक्य मिलाउने | २४ | ३० | २२ | २७.५ | ४७ | ५८.७५ |
| वाक्य नमिलाउने | ५ | ६.२५ | ६ | ७.५ | ११ | १३.७५ |

माथिको तालिका अनुसार आदरगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये ३ वटा वाक्य मिलाउने १८ जना अर्थात् २२.५ प्रतिशत जसमा सामुदायिक विद्यालयका १३ जना अर्थात् १६.२५ प्रतिशत रहेका छन् । त्यस्तै १ देखि २ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ६० प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका २४ जना अर्थात् ३० प्रतिशत रहेका छन् र संस्थागत विद्यालयमका विद्यार्थीहरूमा २२ जना अर्थात् २७.५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउने ११ जना अर्थात् १३.७५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ५ जना अर्थात् ६.२५ प्रतिशत र संस्थागत विद्यालयका ६ जना अर्थात् ७.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

## चित्र ६.२१

## आदरका आधारमा वाक्यगठन क्षमताको तुलना



यसरी समग्र रूपमा हेर्दा आदरसम्बन्धी वाक्यगठन क्षमताको नतिजामा सामुदायिक विद्यालय संस्थागत विद्यालयको तुलनामा  वाक्यगठन क्षमता राम्रो पाइयो ।

### ६.१.५ कालगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ :

**तालिका ६.२३**


**कालका आधारमा वाक्यगठन क्षमताको तुलना**

| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| ३ वटा वाक्य मिलाउने | १० | १२.५ | ८ | १० | १८ | २२.५ |
| १-२ वटा वाक्य मिलाउने | २२ | २७.५ | २६ | ३२.५ | ४८ | ६० |
| वाक्य नमिलाउने | ७ | ८.५ | ७ | ८.५ | १४ | १७.५ |

माथिको तालिका अनुसार कालगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये ३ वटा वाक्य मिलाउने १८ जना अर्थात् २२.५ प्रतिशत जसमा सामुदायिक विद्यालयका १० अर्थात् १२.५ प्रतिशत र संस्थागत विद्यालयका ८ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी १ देखि २ वटा वाक्य मिलाउने ४८ जना अर्थात् ६० प्रतिशत जसमा सामुदायिक विद्यालयका २२ जना अर्थात् २७.५ प्रतिशत र संस्थागत विद्यालयका २६ जना अर्थात् ३२.५ प्रतिशत रहेका छन्  । वाक्य नमिलाउनेमा १४ जना अर्थात् १७.५ प्रतिशत जसमा सामुदायिक विद्यालयका ७ जना अर्थात् ८.५ प्रतिशत र संस्थागत विद्यालयका ७ जना अर्थात् ८.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ६.२२**

**कालका आधारमा वाक्यगठन क्षमताको तुलना**




यसरी समग्र रूपमा हेर्दा सामुदायिक संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कालसम्बन्धी वाक्यगठन क्षमताको नतिजा राम्रो पाइयो ।

### ६.१.६ वाच्यगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यसम्बन्धी अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ :

**तालिका ६.२४**


**वाच्यका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक**

| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| २ वटा वाक्य मिलाउने | १४ | १७.५ | १८ | २२.५ | ३२ | ४० |
| १ वटा वाक्य मिलाउने | २३ | २.७५ | १९ | २३.७५ | ४२ | ५२.५ |
| वाक्य नमिलाउने | ३ | ३.७५ | ३ | ३.७५ | ६ | ७.५ |

माथिको तालिकामा वाच्यगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये ४० जना सामुदायिक विद्यालयका र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरू सामेल गरिएको थियो । ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने ३२ जना अर्थात् ४० प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका १४ जना अर्थात् १७.५ प्रतिशत र संस्थागत विद्यालयका १८ जना अर्थात् २२.५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउने ४२ जना अर्थात् ५२.५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका २३ जना अर्थात् २८.७५ प्रतिशत र संस्थागत विद्यालयका १९ जना अर्थात् २३.७५ प्रतिशत रहेका छन् । वाक्य नमिलाउनेमा ६ जना अर्थात् ७.५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ३ जना अर्थात् ३.७५ र संस्थागत विद्यालयका ३ जना अर्थात् ३.७५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ६.२३**

**वाच्यका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक**




यसरी समग्रमा अध्ययन गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजा राम्रो पाइयो ।

### ६.१.७ कारकगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कारकसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तालिकामा देखाइएको छ :

## तालिका ६.२५


## कारकका आधारमा वाक्यगठन क्षमताको तुलना

| वाक्य सङ्ख्या | सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | | जम्मा विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| २ वटा वाक्य मिलाउने | १४ | १७.५ | ११ | १३.५ | २२ | ३१.२५ |
| १ वटा वाक्य मिलाउने | २२ | २७.५ | १८ | २२.५ | ४० | ५० |
| वाक्य नमिलाउने | ६ | ७.५ | ९ | ११.५ | १५ | १८.७५ |

माथिको तालिकामा वाच्यगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २ वटा वाक्य मिलाउने २२ जना अर्थात् ३१.२५ प्रतिशत छन् जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूमा १४ जना अर्थात् १७.५ प्रतिशत र संस्थागत विद्यालयका ११ जना अर्थात् १३.५ प्रतिशत रहेका छन् । त्यसैगरी १ वटा वाक्य मिलाउने ४० जना अर्थात् ५० प्रतिशत जसमा सामुदायिक विद्यालयका २२ जना अर्थात् २७.५ र संस्थागत विद्यालयका १८ जना अर्थात् २२.५ प्रतिशत रहेका छन् । कारकसम्बन्धी वाक्य नमिलाउनेमा १५ जना अर्थात् १८.७५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ६ जना अर्थात् ७.५ प्रतिशत र संस्थागत विद्यालयका ९ जना अर्थात् ११.५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

चित्र ६.२४

कारकका आधारमा वाक्यगठन क्षमताको तुलना




यसरी समग्र रूपमा हेर्दा कारकसम्बन्धी वाक्यगठन क्षमताको नतिजामा सामुदायिक विद्यालय संस्थागत विद्यालयको तुलनामा राम्रो देखिन्छ।

### ६.१.८ अर्थगत आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अर्थसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तालिकामा देखाइएको छ :

**तालिका ६.२६**


**अर्थका आधारमा वाक्यगठन क्षमताको तुलना**

| **वाक्य सङ्ख्या** | **सामुदायिक विद्यालयका विद्यार्थीहरू** | | **संस्थागत विद्यालयका विद्यार्थीहरू** | | **जम्मा विद्यार्थी सङ्ख्या** | |
|---|---|---|---|---|---|---|
| | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **क्षमता प्रतिशत** |
| ३ वटा वाक्य मिलाउने | ९ | ११.५ | ११ | १३.५ | २० | २५ |
| १-२ वटा वाक्य मिलाउने | २८ | ३५ | ३२ | ४० | ५० | ६२.५ |
| वाक्य नमिलाउने | ६ | ७.५ | ४ | ५ | १० | १२.५ |

माथिको तालिकामा वाच्यगत आधारमा वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये ३ वटा वाक्य मिलाउने २० जना अर्थात् २५ प्रतिशत छन् जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूमा ९ जना अर्थात् ११.५ प्रतिशत र संस्थागत विद्यालयका ११ जना अर्थात् १३.५ प्रतिशत रहेका छन् । त्यसैगरी १ देखि २ वटा वाक्य मिलाउने ५० जना अर्थात् ६२.५ प्रतिशत जसमा सामुदायिक विद्यालयका २८ जना अर्थात् ३५ र संस्थागत विद्यालयका ३२ जना अर्थात् ४० प्रतिशत रहेका छन् । अर्थसम्बन्धी वाक्य नमिलाउनेमा १० जना अर्थात् १२.५ प्रतिशत रहेका छन् जसमा सामुदायिक विद्यालयका ६ जना अर्थात् ७.५ प्रतिशत र संस्थागत विद्यालयका ४ जना अर्थात् ५ प्रतिशत रहेका छन् । यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ६.२५**

**अर्थका आधारमा वाक्यगठन क्षमताको तुलना**




यसरी समग्र रूपमा हेर्दा कारकसम्बन्धी वाक्यगठन क्षमताको नतिजामा संस्थागत विद्यालय सामुदायिक विद्यालयको तुलनामा राम्रो देखिन्छ ।

## ६.२ स्वतन्त्र लेखनसम्बन्धी वाक्यगठन क्षमताको अध्यय

विद्यार्थीहरूको वाक्यगठनसम्बन्धी विभिन्न पक्षहरूको क्षमता अध्ययन गर्ने क्रममा विभिन्न किसिमका वस्तुगत र स्वतन्त्र लेखनजस्ता प्रश्नहरू तयार गरी क्षमता परीक्षण गरिएको थियो जसमध्ये माथिको तालिकाहरूमा वस्तुगत प्रश्नहरूको परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरिएको छ :

**तालिका ६.२७**

**स्वतन्त्र लेखनसम्बन्धी वाक्यगठन क्षमता**

| पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| ३० | ५-१० | ६.२५ | ५ |
| | १०-१५ | १८.७५ | १५ |
| | १५-२० | २७.५ | ३० |
| | २०-२५ | २५ | २० |
| | २५-३० | १२.५ | १० |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने ३० पूर्णाङ्कको स्वतन्त्र लेखनको उत्तर दिने क्रममा कक्षा पाँचका ८० जना विद्यार्थीहरूमध्ये ५-१० अङ्क ल्याउने ५ जना, १०-१५ अङ्क ल्याउने १५ जना, १५-२० अङ्क ल्याउने ३० जना, २०-२५ अङ्क ल्याउने २० जना र २५-३० अङ्क ल्याउने १० जना रहेका छन् ।

प्रस्तुत विवरणबाट प्राप्त नतिजालाई आधार मान्ने हो भने समग्रमा इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको स्वतन्त्र लेखन मध्यम खालको देखिन्छ । स्वतन्त्र लेखनका क्रममा लिङ्ग, वचन, पुरुष, काल, आदर अर्थको समुचित प्रयोग गरी वाक्यगठन गर्नुपर्नेमा विद्याथीहरूले निकै गल्ती गरेको पाइयो । विद्यार्थीहरूले स्त्रीलिङ्गी कर्ताको ठाउँमा पुलिङ्गी क्रियापदको प्रयोग गरेको र पुलिङ्गी कर्ताको ठाउँमा स्त्रीलिङ्गीको प्रयोग गरेको त्यस्तै सामान्य आदर, निम्नआदरको ठाउँमा पनि गल्ती गरेको पाइयो । त्यसैले वचन, पुरुष, काल, कारक र अर्थमा पनि कर्ता, क्रियापदमा त्रुटि गरेको देखियो ।

# अध्याय सात
# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

नेपाल बहुभाषिक मुलुक भएकोले यहाँ विभिन्न भाषाभाषिका विद्यार्थीहरू विद्यालयमा अध्ययन गर्दछन् । पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको वाक्यगठन क्षमतामा धेरै अन्तर देखिन सक्छ । त्यसैले प्रस्तुत शोधपत्र इलाम जिल्लाको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यसमा विशेषतः विद्यार्थीहरूको वाक्यगठनमा पाइने भिन्नता के कस्तो छ, समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन , लैङ्गिकताका आधारमा र विद्यालयको प्रकृतिका आधारमा वाक्यगठनको अध्ययन गरिएको छ ।

वाक्यगठनका पक्षहरू जस्तै लिङ्ग, वचन, पुरुष, आदर, काल, कारक, वाच्य, अर्थ आदि मिलाइ प्रयोग योग्य वाक्य बनाउनु नै वाक्यगठन हो । भाषा विचार विनिमयको माध्यम भएकोले उचित वाक्यगठनले महत्त्वपूर्ण स्थान राख्दछ । नेपाल बहुभाषिक, बहुसाँस्कृतिक र बहुजातिय मुलुक भए तापनि नेपाली भाषा नेपालको मानक, स्तरीय सरकारी कामकाजको भाषा र सम्पूर्ण नेपाली जनतालाई एकताबद्ध गर्न भाषा पनि हो त्यसैले भाषाको शुद्धता पनि सबैपक्षको ध्यान जानु पर्दछ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय समावेश गरिएको हो । पहिलो अध्याय अन्तर्गत भाषाको परिचय भाषाको प्रयोग स्थिति, वाक्यको सामान्य परिचय र प्रकार, वाक्यका आधारभूत तत्त्वहरूको परिचय र वाक्यगठनमा तिनको महत्त्वलाई पृष्ठभूमिका रूपमा लिइएको छ । यसमा इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीको वाक्यगठन क्षमता कस्तो छ र छात्र र छात्राको वाक्यगठन क्षमतामा कस्तो भिन्नता छ ? विद्यालयको प्रकृतिका आधारमा वाक्यगठन क्षमता कस्तो रहेको छ ? जस्ता समस्यामा केन्द्रित रही इलाम जिल्लामा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु, लैङ्गिकता आधारमा वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु, र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू निर्धारण गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय दुई अन्तर्गत पूर्वकार्यको समीक्षा समावेश गरिएको छ । पूर्वकार्यको समीक्षा अन्तर्गत विभिन्न पुस्तकहरू र यसअघि गरिएका सम्बन्धित शोधकार्यको विवरणलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय तिनमा सैद्धान्तिक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । सैद्धान्तिक धारणा अन्तर्गत वाक्यको परिचय र प्रकारहरू वाक्यगठन परिचय र महत्त्व, वाक्यगठनका पक्षहरू, वाक्यगठनसम्बन्धी अध्ययनको आवश्यकता र निष्कर्षलाई क्रमबद्ध रूपमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय चारमा शोधविधि र प्रक्रियालाई समावेश गरिएको छ । शोधपत्रमा राखिएका उद्देश्यहरूलाई प्राप्त गर्नका लागि अपनाउने पद्धति वा अध्ययनको तौर तरिका नै अध्ययन विधि हो । अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्त गर्न अपनाउने नमुना छनोट तथ्याङ्क सङ्कलन र विश्लेषण विधिभित्र पर्दछन् । यस अध्ययनमा क्षेत्रीय अध्ययन र नमुना सर्वेक्षण विधिहरू अपनाइएको छ । यस अध्ययनमा आवश्यक पर्ने सामग्री निर्माण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय पाँचमा वाक्यगठनका सात पक्षहरूमा (लिङ्ग, वचन, पुरुष, काल, आदर, वाच्य, कारक, अर्थ) समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गरिएको छ । यस अध्यायमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको नतिजा विश्लेषण गरिएको छ । यसमा दुई वटा वाक्य मिलाउने १ वटा वाक्य मिलाउने र वाक्य नमिलाउने विद्यार्थी सङ्ख्या र क्षमता प्रतिशत निकालिएको छ र त्यसको विश्लेषण गरिएको छ । यस अध्यायमा समग्र विद्यार्थीहरूको प्राप्ताङ्कलाई मध्यमानको आधारमा तुलना गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय छमा इलाम जिल्लाका ४० जना छात्र र ४० जना छात्राहरूको तुलनात्मक अध्ययन गरिएको छ । यहाँ लिङ्गगत, वचनगत, पुरुषगत, कालगत, आदरगत, वाच्यगत, कारकगत र अर्थगत आधारमा छात्र र छात्राहरूको तुलनात्मक रूपमा अध्ययन गरिएको छ । यस अध्ययनमा छात्रको तुलनामा छात्राहरूको वाक्यगठन क्षमता राम्रो देखिएको छ । छात्र र छात्राहरूको प्राप्ताङ्कलाई तालिकीकरणको

माध्यमबाट विद्यार्थी सङ्ख्या र क्षमता प्रतिशतलाई विश्लेषण गरी स्तम्भ चित्रमा तुलनात्मक रूपमा अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय सातमा इलाम जिल्लाका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयहरूको तुलनात्मक अध्ययन गरिएको छ । यहाँ लिङ्गगत, वचनगत, पुरुषगत, कालगत, आदरगत, वाच्यगत, कारकगत र अर्थगत आधारमा सामुदायिक र संस्थागत विद्यालयहरूको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनबाट सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको राम्रो नतिजा देखिएको छ । नतिजालाई तालिकीकरण र स्तम्भ चित्रमा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा वाक्यगठन क्षमताका ७ वटा पक्षहरूमा गरिएको अध्ययनमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन, लैङ्गिक आधारमा गरिएको अध्ययन र विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक रूपमा अध्ययन गरिएको छ ।

## ७.२ निष्कर्ष

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाका कथ्य र लेख्य दुई रूपहरू हुन्छन् । भाषाको लेख्य रूपलाई शुद्ध र स्पष्ट पार्न उपयुक्त वाक्यगठन हुनु आवश्यक छ तर विद्यार्थीहरूले कतिपय भाषाका लेख्यरूपमा वाक्यगठनमा त्रुटि गरेको पाइन्छ । तसर्थ विद्यार्थीहरूले वाक्यगठनका क्रममा गर्ने त्रुटिहरूको अध्ययन एक जटिल कार्य हो । यसैले आधारभूततहमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा वाक्यगठनका विभिन्न पक्षहरू लिङ्ग, वचन, काल, पुरुष, वाच्य, आदर, कारक अर्थमा उपयुक्त वाक्यगठन गर्न नसकी विभिन्न त्रुटिहरू गरेको पाइएको छ । जसलाई निम्नानुसारको बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

- यस अध्ययनमा वस्तुगत र स्वतन्त्र लेखन प्रश्नलाई समावेश गरी वाक्यगठन समावेश गरी वाक्यगठन सम्बन्धी परीक्षण गरिएको छ ।
- यस अध्ययनमा वाक्यगठनका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, आदर, वाच्य, कारक अर्थका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता परीक्षण गर्ने काम गरिएको छ ।

- वाक्यगठन सातवटा पक्षहरूलाई समेटी वस्तुगत र स्वतन्त्र लेखनका प्रश्नहरू समावेश गरी प्रश्नावली निर्माण गरेर लिखित परीक्षा लिएर परीक्षण गरी यो शोधपत्र तयार पारिएको छ ।
- ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयका ८० जना विद्यार्थीहरूले गरेको कमजोरीहरूको अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको राम्रो वाक्यगठन पाइयो ।
- वाक्यगठनको महत्त्वपूर्ण पक्ष लिङ्ग हो । लिङ्गसम्बन्धी सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये ३६ जना अर्थात् ४५ प्रतिशत विद्यार्थीहरूले दुईवटा वाक्य, विद्यार्थीहरूले १ वटा वाक्य मिलाएका छन भने ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरूले १ वटा वाक्य मिलाएका छैनन् । यसैगरी छात्राहरूको तुलनामा छात्रहरूको लिङ्गसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइयो भने संस्थागतको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वचन वाक्यगठन क्षमताको महत्त्वपूर्ण पक्ष हो । वचनसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये ५५ जना अर्थात् ६८.७५ प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् । त्यसैगरी २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले १ वटा वाक्य मिलाएका छन् भने ५ जना अर्थात् ६.२५ प्रतिशत विद्यार्थीहरूले वाक्य मिलाएका छैनन् । त्यसैगरी छात्रको तुलनामा छात्राहरूको वचनगत क्षमता राम्रो पाइयो भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो पाइयो ।
- वाक्यगठनको महत्त्वपूर्ण पक्ष पुरुष हो । पुरुषसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा जम्मा ८० जना विद्यार्थीहरूमध्ये २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् भने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूले १ वटा वाक्य मिलाएका छन् । १२ जना अर्थात् १५ प्रतिशत विद्यार्थीहरूले वाक्य मिलाएका छैनन् । पुरुषसम्बन्धी वाक्यगठन क्षमता छात्राको तुलनामा छात्रको राम्रो पाइयो । त्यसैगरी सामुदायिकको तुलनामा संस्थागत विद्यालयको क्षमता राम्रो पाइयो ।

- आदर वाक्यगठनको महत्त्वपूर्ण पक्ष हो । आदरसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २२ जना अर्थात् २७.५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् । १-२ वटा वाक्य मिलाउनेमा ४७ जना अर्थात् ५८.७५ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसैगरी वाक्य नमिलाउनेमा ११ जना अर्थात् १३.७५ प्रतिशत विद्यार्थीहरू रहेको पाइयो । त्यसैगरी आदरसम्बन्धी वाक्यगठनमा छात्रको तुलनामा छात्राको क्षमता राम्रो पाइयो । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको वाक्यगठन क्षमता राम्रो पाइयो ।
- काल वाक्यगठनको अर्को महत्त्वपूर्ण पक्ष हो । कालसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये १८ जना अर्थात् २२.५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् भने ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूले १-२ वटा वाक्य मिलाएका छन् । त्यसैगरी वाक्य नमिलाउनेमा १४ जना अर्थात् १७.५ प्रतिशत विद्यार्थी रहेका छन् । कालसम्बन्धी वाक्यगठन क्षमतामा छात्रको तुलनामा छात्राको राम्रो पाइयो । सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक रूपमा हेर्दा सामुदायिक विद्यालयको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो ।
- वाच्य वाक्यगठनको महत्त्वपूर्ण पक्ष हो । वाच्यसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् भने एक वटा वाक्य मिलाउने ४२ जना अर्थात् ५२.५ प्रतिशत विद्यार्थीहरू रहेको छन् । त्यस्तै वाक्य नमिलाउनेमा ६ जना अर्थात् ७.५ प्रतिशत विद्यार्थीहरू रहेको पाइयो । वाच्यसम्बन्धी वाक्यगठन क्षमताको अध्ययनमा छात्रको तुलनामा छात्राहरूको नतिजा राम्रो पाइयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यसम्बन्धी वाक्यगठन क्षमता राम्रो रहेको पाइएको छ ।
- कारक वाक्यगठनको अर्को महत्त्वपूर्ण पक्ष हो । कारकसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २५ जना अर्थात् ३१.२५ प्रतिशत विद्यार्थीहरूले २ वटा वाक्य मिलाएका छन् भने एक वटा वाक्य मिलाउने ४० जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी १५ जना

अर्थात् १८.७५ प्रतिशत विद्यार्थीहरूले कारकसम्बन्धी वाक्य मिलाएका छैनन् । यसमा छात्रको तुलनामा छात्राहरूको वाक्यगठन क्षमता राम्रो पाइयो । त्यसैगरी संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो पाइयो ।

- अर्थ वाक्यगठनको अर्को महत्त्वपूर्ण पक्ष हो । अर्थसम्बन्धी वाक्यगठन क्षमताको अध्ययन गर्न सोधिएका प्रश्नहरूमा ८० जना विद्यार्थीहरूमध्ये २० जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले ३ वटा वाक्य मिलाएका छन् भने १ देखि २ वटा वाक्य मिलाउने ५० जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी १० जना अर्थात् १२.५ प्रतिशत विद्यार्थीहरूले अर्थसम्बन्धी वाक्य मिलाएका छैनन् । यसमा छात्रको तुलनामा छात्राहरूको वाक्यगठन क्षमता राम्रो पाइयो । त्यसैगरी सामुदायिक संस्थागत विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो पाइयो ।

यसरी वाक्यगठनसँग सम्बन्धित रहेर विभिन्न प्रश्नहरूको आधारमा विश्लेषण गर्दा समग्र विद्यार्थीहरूको वस्तुगत प्रश्नमा आदर, काल र कारक खासै राम्रो पाइएन । यसैगरी समग्रमा विद्यार्थीहरूको स्वतन्त्रलेखन क्षमता मध्यम रहेको पाइयो ।

### ७.३ उपयोगिता

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा केन्द्रित रहेकाले विद्यार्थीहरूको वाक्यगठन क्षमता के कस्तो छ, वाक्यगठनका विविध पक्षमा के-कस्तो त्रुटिहरू गरेका छन् । त्रुटिहरू के कारणले हुने गरेका छन् आदि कुराहरूको बारेमा जानकारी लिन नेपाली भाषासँग सम्बन्धित भएर कार्य गर्ने सम्पूर्ण पक्षलाई उपयोगी रहने देखिन्छ । प्रस्तुत शोधपत्रको उपयोगितालाई नीतिगत तह र प्रयोगगत तहमा निम्नानुसार स्पष्ट पारिएको छ ।

#### ७.३.१ नीतिगत तह

- यस अध्ययनले कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको कुन आधारमा वाक्यगठन क्षमता कति रहेछ भनी जिज्ञासा राख्ने जो कसैलाई जिज्ञासा पूरा गर्न उपयोगी हुनेछ ।

- कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षकलाई अगाडि बढ्न प्रस्तुत अध्ययनले मार्गनिर्देश गर्नेछ ।
- कक्षा पाँचका विद्यार्थीहरूको वाक्यगठन प्रयोग क्षमता अनुमान गरी वाक्यगठन प्रयोग सम्बन्धी अभ्यासहरू समावेश गराउनु पर्ने तर्फ सचेत गराउने छ ।
- यस अध्ययनले वाक्यगठन शिक्षणका निम्ति चाहिने आवश्यक शैक्षिक सामग्री निर्माण गर्न पनि सहयोग पुऱ्याउने छ ।
- शोधकर्ता समालोचक, लेखक, शिक्षक, विद्यार्थी आदि सबैलाई वाक्यगठन सम्बन्धी जानकारी प्राप्त गर्न उपयोग हुनेछ ।

### ७.३.२ प्रयोगगत तह

- वाक्यगठन सम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न शिक्षक विद्यार्थी दुवैलाई पृष्ठपोषण दिन्छ ।
- विद्यार्थीको स्तर, क्षमता, आवश्यकता अनुसार विषयवस्तु छनोट गर्न ।
- विद्यार्थीहरूलाई वाक्यगठनको लिङ्ग, वचन, पुरुष, काल, आदर, कारक, वाच्य र अर्थका तहमा हुनसक्ने त्रुटिहरू निराकरणका लागि उपयोगी हुने देखिन्छ ।
- विद्यार्थीहरूको स्तर, क्षमता, आवश्यकता अनुसार विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगी रहेको छ ।
- शिक्षण सामग्री र शिक्षण विधिको छनोट गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।